
# लेखापरीक्षण प्रतिवेदन

# भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/399

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
भोक्राहा नरसिंह गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी ।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ६३ लाख ३० हजार, राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको रु. ८ लाख ९० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ८१ लाख २४ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु. १२ करोड ५७ लाख ५९ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब २३ करोड २७ लाख ६९ हजार लेखापरीक्षण गरिएकोमा रू. ५ करोड १४ लाख ५१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ७१ लाख १७ हजारको प्रतिक्रियाबाट फस्योंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ५६ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३२ लाख ११ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २७ लाख २३ हजार र पेस्की बाँकी रु.२७ लाख ३५ हजार रहेको छ। गत वर्षसम्म रु.२१ करोड ८५ लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २६ करोड २८ लाख ९७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने भोक्राहा नरसिंह गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत

आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी भोक्राहा नरसिंह गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६६ | ५८ | ५,१४,५१,२१० | ० | ४ | ७१,१७,०७९ | ० | ६६ | ५४ | ४,४३,३४,१३१ | ५६,६५,४२२ | २,२७,२२,७२० | १,३२,१०,९८९ | ० | ० | ३,५९,३३,७०८ | २७,३५,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | २१८५६३००० | ० | ० | २१८५६३००० | ० | ४४३३४१३१ | २६२८९७१३१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४५ | राष्ट्रपति महिला सशक्तीकरण परियोजनाः | ६,५०,००० |
| २ | २०८०/८१ | ४६ | परामर्शबाट तालिमः | ५९,६६,२७९ |
| ३ | २०८०/८१ | ३६ | पेश्की बाँकीः | ५,००,८०० |
| | | | जम्मा | ७१,१७,०७९ |

# (८०११४५०५३०० - भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ६६.३७ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदनअनुसार ४९ हजार ३ सय ७१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।२ देखि २०८१।१०।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ जम्मा रु. १,२३,२७,६८,६५६।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५४५३३१/७५ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आर्थिक बिबरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| सि न | आय शीर्षक | रकम | जम्मा रकम | सि न | व्यय शीर्षक | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| 1 | गत बर्षको जिम्मेबारी | | ५३५७४४०९.०७ | १ | संचितकोष खर्च | ० | |
| | (क) बैक | | | | चालु खर्च | | ३१५६४१००४ |
| | संचित कोष खाता | ३९९२५९६४ | | | गाउँपालिका | १६३८३२२९८ | |
| | धरौटी खाता | ९०६४१६२.३ | | | सघीय सरकारबाट हस्तान्तरीत | १४९५८५६४३ | |
| | विविध कोष खाता | ४५६१६१० | | | | | |
| | प्रकोप व्यवस्थापन कोष | २२६७३ | | | प्रदेश सरकारबाट हस्तान्तरीत | २२२३०६३ | |
| २ | संघीय सरकारबाट हस्तान्तरीत | | ३१३२८०७०० | | | | |
| | समानिकरण अनुदान | ११२६२३००० | | २ | पुँजिगत खर्च | | १५३४२३३७८ |
| | शर्शत अनुदान | १७९१५७७०० | | | गाउँपालिका | ११८६७०४६७ | |
| | विशेष अनुदान | ११५००००० | | | सघीय सरकारबाट हस्तान्तरीत | २६३७०३७६ | |
| | समपुरक अनुदान | १०००००००० | | | | | |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरीत | | २७६२७००० | | प्रदेश सरकारबाट हस्तान्तरीत | ८३८२५३५ | |
| | समानीकरण अनुदान | ७६५२००० | | | | | |
| | शर्शत अनुदान | १०२२५००० | | | जम्मा फिर्ता | | २८४३११०१ |
| | समपूरक अनुदान | ९७५०००० | | | संघीय सरकारबाट हस्तान्तरीत फिर्ता | २५००१९८१ | |
| ४ | अन्तर स्थानीय तहबाट प्राप्त | | १२५७५८८०२.४ | | प्रदेश सरकारबाट हस्तान्तरीत फिर्ता | ३४२९१२० | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | ११६३३०२७६ | | ३ | अन्तर स्थानीय तह खर्च | | १२५७५८८०२.४ |
| | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१५००० | | | सामाजिक सुरक्षा तथा संरक्षण | ११६३३०२७६ | |
| | राष्ट्रपति महिला सशक्तीकरण | ८९०००० | | | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१५००० | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८१२३५२६.४ | | | राष्ट्रपति महिला सशक्तीकरण परियोजना | ८९०००० | |
| ५ | राजश्व वाँडफाड | | १०२९५२४०९.१ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८१२३५२६.४ | |
| | संघीय सरकार | ९३४३२८६२ | | ४ | कोष खाता तर्फ | | १२५४०१९१.४ |
| | स्थानीय सरकार | ५५००००० | | | विविध कोष खाता | ८२४१९२८ | |
| | प्रदेश सरकार | ४०१९५४७.४ | | | धरौटी खर्च | ४२९८२६३.४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कोष सोझै आम्दानी | | २७३५५२६७.७४ | ५ | बैंक मौज्दात | | १४७५४१११.५३ |
| | आन्तरिक आम्दानी | ८१६१६१०.९ | | | संचितकोष | ४८५५९१९ | |
| | विविध कोष खाता | ४५४१५८२ | | | धरौटी बाँकी | ९००८६५९.५ | |
| | धरौटी आम्दानी | ४२४२७६०.६ | | | प्रकोप व्यवस्थापन कोष | २२६७३ | |
| | गत विगत आवमा आम्दानी बाध्न छुट | १०४०९३१४ | | | विविध कोष खाता ग २.७ | ५५९६ | |
| | | | | | विविध कोष खाता ग ५.१ | ८६१२६४ | |
| | जम्मा | | ६५०५४८५८८.३ | | जम्मा | | ६५०५४८५८८.३ |
| उल्लेखित आर्थिक विवरण अनुसार गत विगतका आर्थिक बर्षहरुमा आम्दानी बाध्न छुट भनि रु. १०,४०,९३१४/२३ समावेश भएको छ । यस सम्बन्धमा एकिन गरी हिसाब मिलान हुनु पर्छ । | | | | | | | |

३ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

एकीकृत वार्षिक प्रतिवेदन

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १२,०७,५१,२६६.८० | ०.०० | १२,०७,५१,२६६.८० | ३,४२,९०,७८१.८४ | ०.०० | ३,४२,९०,७८१.८४ |
| १३००० | अनुदान | | ३१,२४,७६,८९९.०० | ०.०० | ३१,२४,७६,८९९.०० | ३२,५१,४०,६८९.४१ | ०.०० | ३२,५१,४०,६८९.४१ |
| १४००० | अन्य राजस्व | | ५५,१०,२५३.९६ | ०.०० | ५५,१०,२५३.९६ | ८८,१७,३५२.१८ | ०.०० | ८८,१७,३५२.१८ |
| १५००० | विविध प्राप्ति | | १,९४,८१९.०० | ०.०० | १,९४,८१९.०० | ०.८३ | ०.०० | ०.८३ |
| क | **कुल जम्मा प्राप्ति** | | ४३,८९,३३,२३८.७६ | | ४३,८९,३३,२३८.७६ | ३६,८२,४८,८२४.२६ | | ३६,८२,४८,८२४.२६ |
| ३ | चालु | | ३१,५६,४१,००३.९६ | ०.०० | ३१,५६,४१,००३.९६ | ३०,४५,२०,७१८.८६ | ०.०० | ३०,४५,२०,७१८.८६ |
| २१००० | पारिश्रमिक / सुविधा | | १३,३७,८७,६९२.४९ | ०.०० | १३,३७,८७,६९२.४९ | ११,३६,८९,७९४.४१ | ०.०० | ११,३६,८९,७९४.४१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १७,६०,८७,८३५.४७ | ०.०० | १७,६०,८७,८३५.४७ | १७,७८,७७,६८५.६१ | ०.०० | १७,७८,७७,६८५.६१ |
| २५००० | सहायता (Subsidy) | | ८,५७,२९०.०० | ०.०० | ८,५७,२९०.०० | ३९,८३,९१९.०० | ०.०० | ३९,८३,९१९.०० |
| २७००० | सामाजिक सुरक्षा | | २१,५८,९६३.०० | ०.०० | २१,५८,९६३.०० | ६८,२५,३३८.८४ | ०.०० | ६८,२५,३३८.८४ |
| २८००० | अन्य खर्च | | २७,४९,२२३.०० | ०.०० | २७,४९,२२३.०० | २१,४३,९८१.०० | ०.०० | २१,४३,९८१.०० |
| ४ | पूंजीगत | | १५,३४,२३,३७८.०० | ०.०० | १५,३४,२३,३७८.०० | १५,८४,३१,९५१.०६ | ०.०० | १५,८४,३१,९५१.०६ |
| ३१११० | भवन तथा संरचना | | १०,८८,६७४.०० | ०.०० | १०,८८,६७४.०० | ५,१८,६७,४४२.४३ | ०.०० | ५,१८,६७,४४२.४३ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,२९,५७,५०२.०० | ०.०० | १,२९,५७,५०२.०० | १,०४,०२,३४०.०० | ०.०० | १,०४,०२,३४०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३१,९९,३६६.०० | ०.०० | ३१,९९,३६६.०० | ४६,७३,९२२.०० | ०.०० | ४६,७३,९२२.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १३,५१,२१,९३६.०० | ०.०० | १३,५१,२१,९३६.०० | ८,४४,८७,६१९.६३ | ०.०० | ८,४४,८७,६१९.६३ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | १३,५१,०३२.०० | ०.०० | १३,५१,०३२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १०,५५,९००.०० | ०.०० | १०,५५,९००.०० | ५६,४९,५९५.०० | ०.०० | ५६,४९,५९५.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४६,९०,६४,३८१.९६ | | ४६,९०,६४,३८१.९६ | ४६,२९,५२,६६९.९२ | | ४६,२९,५२,६६९.९२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३,०१,३१,१४३.२०) | | (३,०१,३१,१४३.२०) | (९,४७,०३,८४५.६६) | | (९,४७,०३,८४५.६६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको | | (३७,७२,९२४.९२) | | (३७,७२,९२४.९२) | १५,५३,८२९.०१ | | १५,५३,८२९.०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मौज्दातको थप/ घट (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | ३,८२,५३५.०० | | ३,८२,५३५.०० | (८,८५४.७७) | | (८,८५४.७७) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (३,३९,०४,०६८.१२) | | (३,३९,०४,०६८.१२) | (९,३१,५०,०१६.६५) | | (९,३१,५०,०१६.६५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,८७,८९,४२३.८४ | | ३,८७,८९,४२३.८४ | १३,१९,३९,४४०.४९ | | १३,१९,३९,४४०.४९ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४८,८५,३५५.७२ | | ४८,८५,३५५.७२ | ३,८७,८९,४२३.८४ | | ३,८७,८९,४२३.८४ |

४ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७0) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,६३,३०,२७६/-, राष्ट्रपति महिला सशक्तीकरण परियोजना रु. ८,९०,०००/- र गरिबसँग विश्वेश्वर कार्यक्रम रु.४,१५,०००/- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.८१,२३,५२६/४ समेत गरी रु.१२,५७,५८,८०२/४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.८१,६१,६१०/९२ राजस्व बाँडफाँडबाट रु.१०,२९,५२,४०९/१ र अनुदानबाट रु.३४,०९,०७,७००/- समेत रु. ४५,२०,२१,७२०/०२ आम्दानी भएकोमा चालुतर्फ रु.३१,५६,४१,००४/- र पूँजीगत तर्फ रु.१५,३४,२४,३७८/- गरी जम्मा रु.४६,९०,६५,३८२/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु. ६४,०१,७२०/- खर्च भएको छ जुन आन्तरिक आयको 78.44 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.२९ प्रतिशत चालु र ३२.७१ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको

समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।साथै अनुसूचि ८ अनुसारको अधिकारको व्यवस्थापन गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिहरु तयार गरी कार्यान्वियन गरेको पाईएको तर मध्यमकालिन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्वप रामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरे अनुसार पालिकाले उक्त समिति गठन गरेको पाइएको।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाइएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत गरेको तर लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेमा सो नगरेको ।

• वातावरणको संरक्षणको लागि एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

• भ्रमण अभिलेख नराखेको तथा भ्रमण प्रतिवेदन तयार नगरेको ।

• कार्यक्रम कार्ययोजना तथा लागत अनुमान तयार/स्वीकृत नगरी पेश्की दिने गरेको ।

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ क बमोजिमको मासिक अनुगमन भत्ता लिदा पदाधिकारीले अनुगमन तयार गरी पेश गर्ने नगरेको ।

## ७ सेवाप्रवाहको स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ ।

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १७९२ |
| मृत्युदर्ता | २७६ |
| बसाईसराई आएको | ८१ |
| बसाईसराई गएको | ७९ |
| विवाह दर्ता | ५१७ |
| सम्बन्धविच्छेद दर्ता | ११ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ५ ठेक्का लागि रनिङ् |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ७ कि.मि. |
| आर. सि. सि.सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | १२ कि.मि |

८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

९ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाको समयभन्दा अतिरिक्त समयमा कार्यसम्पादन गर्ने कर्मचारीलाई तलब स्केलको १५ देखि ३० प्रतिशतसम्म मासिक प्रोत्साहन भत्तादिने गाउँ सभाको मिति २०८०।१०।३ को निर्णयबमोजिम उक्त शीर्षकमा वर्षभरीमा रु.९,४९,८५६/- खर्च गरेको छ । यस्तो खर्च कुल आन्तरिक आय रु. ८१६१६१०।९२ को ११.६३ प्रतिशत छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

१० **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,३४,२३,३७८/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं | मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६०९००००० | ५३४८२७०१ | ८७.८२ |
| २ | सामाजिक विकास | २०८२८०००० | १८५,२०५,१८२.८६ | ८८.९२ |
| ३ | पूर्वाधार विकास | १०२०४०९०० | ९६४५१९२६ | ९४.५२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३२०५००० | १२४६८२७९.८४ | ९४.४२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३३६४९१०० | १२१४५६२९२.२६ | ९०.८७ |
| कुल जम्मा | | ५१८०७५००० | ४६९०६४३८२ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ९४.५२ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ८७.८२ तिशत रहेको छ । सवैभन्दा बढी खर्च सामाजिक विकास रु. १८,५२,०५,१८२/८६ र सवै भन्दा कम सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा रु. १,२४,६८,२७९/८४ खर्च भएको छ ।

१२ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | १५,३४,२३,३७८/- | २,०१,२९, १२५/- | २,०१,६२,१६९/- | ४,७७,३०,६८६/- | ६,५४,०१,३९८/- | ३,६७,२३,४१६/- |
| प्रतिशत | १०० | १३.१२ | १३.५२ | ३१.३१ | ४२.६२ | २३.९३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१५,३४,२३,३७८/- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २,०१,२९,१२५/- (१३.१२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २,०१,६२,१६९/- (१३.५२प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ४,७७,३०,६८६/- (३१.३१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६,५४,०१,३९८/- (४२.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३,६७,२३,४१६/- (२३.९३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **योजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिका र वडा स्तरीय गरि कुल ८३ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३६ | २ | ३३ | १ |
| २ | वडा स्तरीय | ४२ | ० | २१ | २१ |
| | | ७८ | २ | ५४ | २२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७८ योजनामात्र कार्यान्वियन भई ५ योजना कार्यान्वियन हुन नसकि क्रमागत रहेको उल्लेख छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २४ कर्मचारीको रु.१,८४,८३,०००/- र पालिकाका 26 कर्मचारीको रु. १,२९,४०,०३९/३२ समेत रु. ३,१४,२३,०३,९३२/- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **जिन्सी निरीक्षण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा नियमावलीको व्यवस्था अनुसार प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने सामानको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१६ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी

निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१७ **सफ्टवेयर खरिदः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४,७९,७५३। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र. सं. | विवरण | खरिद गरेको फर्म/ कम्पनी | खर्च शिर्षक/ कार्यक्रम | भूक्तानी रकम |
|---|---|---|---|---|
| १ | कक्षा ८,९र १० का सवै विषय समेटिएको डिजिटल क्लास नामक सिकाइ सफ्टवयर | डॉफे एजुकेशन प्रा. लि.इटहरी | गा पा चालु शिक्षा अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | ४७९७५३ |

१८ **करारमा कर्मचारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२१,२९,३९२/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी दिएको तलब भत्ता नियमित नदेखिएको रु.

| क्र. सं. | पद | संख्या | रकम |
|---|---|---|---|
| १ | अ. न . मी ./ अहेव/ ल्याव असिष्टेन्ट | १० | २४,६५,३९८/- |
| २ | सव इन्जिनियर | १ | ४,६१,४९० /- |
| | | जम्मा | २९,२६,८८८ /- |

| अनियमित भएको | २९,२६,८८८ |
|---|---|

१९ **दरवन्दी भन्दा बढी कर्मचारीः**

दरबन्दी अनुरुप कर्मचारी कार्यरत रहनु पर्छ । पालिकाको स्वास्थ्य तर्फ स्थायी १४ स्वीकृत भए पनि मिति २०७७।१२।३१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समायोजन भई १६ स्वीकृत भएको छ । हाल स्वास्थ्यतर्फ २३ जना स्थायी कर्मचारी कार्यरत हरेको तथा १० कर्मचारी करारमा समेत कार्यरत रहेको पाइयो । उल्लेखित दरबन्दी भन्दा बढी ७ स्थायी कर्मचारीलाई यस बर्ष रु. ३७,८०,५९०/- खर्च लेखेको नियमसम्मत देखिएन । यस सम्बन्धमा छलफल गर्दा पालिका स्थापना हुँदा २ वटा गाविस समायोजन भई भएको हुनाले पालिका अन्तर्गत ६ वटा आधारभूत स्वास्थ्य केन्द्र र २ वटा स्वास्थ्य चौकी गरी जम्मा ८ वटा स्वास्थ्य संस्था रहेकोमा उक्त स्वास्थ्य संस्था संचालन गर्न अझै पनि कर्मचारीको अभाव रहेको कारणले दरबन्दी भन्दा थप कर्मचारी राखी कार्यसम्पादन गर्नुपरेको पालिकाको भनाइ रहेको छ । यससम्बन्धमा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दरवन्दी मिलान गर्नु पर्दछ।

२० **भ्रमण अभिलेख तथा प्रतिवेदनः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । पालिकाले यस वर्ष भ्रमणमा रु. ४५,४७,०४७/- र अनुगमन, मूल्यांकन शीर्षकमा रु. २०,८२,४७०/- गरी जम्मा रु. ६६,२९,५१७/- खर्च गरेको देखिएकोमा अनुगमन, मुल्याङ्कन तथा भ्रमण प्रतिवेदन पूर्ण रुपमा राखी खर्च लेखिनु पर्दछ । यसबाट अनुगमन, मुल्याङ्कन तथा भ्रमण कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

२१ **एकमुष्ट बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा बजेट पेश तथा पारित गर्ने बिषयमा आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित बिबरण माथि छलफल गरि पारित हुने बजेटमा एकमुष्ट रकम राख्न मिल्ने देखिदैन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम १६ को उप नियम १८ मा कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट बजेट राख्न मिल्ने देखिदैन । यस पालिकाले यस वर्ष रु. ४३,००,०००/- एकमुष्ट बजेट व्यवस्था गरेको छ। बजेट एकमुष्टमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२२ **प्रगति विवरणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

२३ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२६,४८,०००/- आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याइ गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने तथा यसरी वितरित आर्थिक सहायताको पालिकाले आफ्नो वेभसाइटमा सार्वजनिकीकरण गर्नु पर्दछ ।

२४ **विविध खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.४०,००,०००/- खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ८१,६१,६१०/९२ को ४९ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२५ **कानून र सञ्चालन स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ६ वटा नियमावली, ३१ कार्यविधि लगायत ५८ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२६ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४६ र यो वर्ष थप भएको ६० गरी कुल १०६ विवाद दर्ता भएकोमा ८५ वटा मात्र फर्स्यौट भई २१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२७ **अन्य निकाय खर्चः**

पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयलाहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाई मासिक १८० लिटरका दरले वार्षिक २१६० लिटर इन्धन उपलब्ध गराएको देखिन्छ । यसको अतिरिक्त मौलो पूजा र भात पकाउने कामको लागि मात्रै रु.२,१८,०००।- भुक्तानी दिएको देखिएकोले पालिकाले आगामी दिनमा यस्ता कार्यमा नियन्त्रण गरी खर्च भएको रकम नियमित हुनुपर्दछ । रु.

| कार्यलयको नाम | इन्धन मासिक (लिटरमा) | मौलो पूजा बापत नगदै रकम भूक्तानी |
|---|---|---|
| कोशी प्रदेश प्रहरी कार्यालय | ० | ९८००० (भात पकाउने सामाग्री खरिद) |
| भोक्राह प्रहरी चौकी | १५ | १५००० |
| उल्टी प्रहरी चौकी | १५ | १५००० |
| चिरौली प्रहरी चौकी | १५ | १५००० |
| सशस्त्र प्रहरी बल BOP उल्टी | ३० | १५००० |
| सिसुवा प्रहरी चौकी | १५ | १५००० |
| इलाका प्रहरी कार्यालय लौकी | ३० | १५००० |
| शसस्त्र प्रहरी बल लौकी | ३० | १५००० |
| सशस्त्र प्रहरी वल इनरुवा | ३० | १५००० |
| जम्मा | १८० | २१८००० |

| | |
|---|---|
| अनियमित भएको | २,१८,००० |

२८ **इन्धन खर्चः**

प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी र इन्धन अन्य प्रयोजन) मा रु. ५९,००,०००/- खर्च गरेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा १ ब्याकहो लोडर, १ साना सवारी, १ भाडाको साना सवारी र २४ मोटर साइकल रहेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र

इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ । व्याकहो लोडरबाट हुने तथा भएको कामको लागत अनुमान, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

२९ **विपद् व्यवस्थापनः**

विपद् व्यवस्थापन तर्फ देखिएका व्यहोराहरुः

**समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि यस सम्बन्धी वैठक वसेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।

**कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । विपद् व्यवस्थापनमा आधारित आधारभूत प्राथमिक स्वास्थ उपचार प्रशिक्षण कार्यक्रम ८ वटै वडामा गरेको पाइयो । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूर्णरुपमा कार्यान्वयन गर्नु पर्दछ ।

**वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३० **बेरुजु लगत:**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

३१ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । बर्षान्तमा एकपटक आन्तरिक लेखापरीक्षण गरि अन्तिम लेखापरीक्षणको केहि समय अगाडीमात्र प्रतिवेदन दिएको पाइयो । यसरी ऐनको पालना गरि आन्तरिक लेखापरीक्षण त्यसको कार्यान्वयन गर्नु पर्दछ ।

३२ **परामर्श तथा डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौ नं. र मिति | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| १६/२०८०/९/८ गा पा चालु शिक्षा तर्फ | पालिकाको समग्र विषय समेटिएको बृतचित्र निर्माण | सरुन मिडिया प्रा. लि. | ४५०००० | ४४९००० |
| ४३०/२०८०/९/२२ गा पा चालु तर्फ | पालिका भिलेज प्रोफाइल तयारी | एब्सुलुट टेक्निकल इन्स्टिच्यूट एण्ड रिसर्च सेन्टर प्रा. लि. | ४९६५२२ | ४९६५२२ |
| | जम्मा: | | | ९४५५२२ |

३३ **जिन्सी दाखिला:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले खरिद गरेको देहाय बमोजिमका खप्ने मालसामानको मुल जिन्सी खाताको म.ले.प. फाराम नं. ४०८ (खर्च भएर नजाने जिन्सीको खाता) मा आम्दानी बाँधी सम्पत्तिको अध्यावधि अभिलेख राख्नु पर्नेमा सो गरेको देखिएन । अतः निम्न तालिकामा उल्लेखित सम्पत्तिको जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ./मिति | मालसामान सप्लाईकर्ता फर्मको नाम | बिजक नं./मिति | प्रयोग कर्ता | | मालसामानहरुको बिवरण | संख्या | कुल भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | पालका चालु | ७५८/२०८१। १।१८ | न्यु कृष्ण स्टील फर्निचर इनरुवा | २१०/२०८०। १२।६ | पालिका | | टेवल<br>कुर्सी<br>मुभिङ चेयर | १<br>५०<br>२ | १८,०००<br>४२,५००<br>२७,००० | म.ले.प.फाराम ४०८मा दाखिला नाभएको |
| २. | | ८२०/२०८१। २।६ | साइ इन्टरप्राइजेज | ७८/२०८१। १।१८ | पालिका | | सि सि टिभी क्यामारा | ४ | ५८,७६० | म.ले.प. ४०८ दाखिला नाभएको |
| | | | | | | | | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४६,१६० |

३४ **गाडी भाडाः**

पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार पालिकामा १ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजनको लागि मासिक चालक,इन्धन र मर्मतबाहेक रु.८६०००/- भुक्तानी दिनेगरी सवारीधनीसँग सम्झौता गरी सावारी भाडामा लिई रु.१०,३२,०००/- भुक्तानी दिएको देखियो । कार्यालय प्रयोजनको लागि पालिकामा १ थान सवारी भएको अवस्थामा मासिक रुपमा सवारि भाडा लिई भुक्तानी दिन मिल्ने नदेखिएकोले सवारी भाडावापत भुक्तानी भएको रकम नियमिति हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १०,३२,००० |

३५ **जिन्सी हस्तान्तरण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।पालिकाले विभिन्न वडा कार्यालय ताथ स्वास्थ्य चौकीहरुलागि खरिद गरेका निम्नानुसारका खप्ने

प्रकृतिका मालसमानहरु कार्यालयको केन्द्रिय जिन्सीमा आम्दानी जनाई विभिन्न वडा कार्यालय र स्वास्थ्य चौकीहरुका लागि हस्तान्तरण गरी खर्च जनाएको पाइयो ।साथै केहि मालसामानहरु मातहत कार्यालयमा सोझै दाखिला समेत गरेको पाइयो।पालिका मातहतका वडा कार्यालय र अन्य बिषयगत शाखाहरु Cost Centre को रुपमा नरहने हुँदा छुट्टै खर्च भएर नजाने जिन्सी खाता राख्न मिल्ने देखिदैन । यसरी कार्यालय मातहतका इकाईहरुलाई स्थायी प्रकृतिका मालसामानहरु उपलब्ध गराउँदा छुट्टा छुट्टै सहायक जिन्सी खाता प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । कार्यालयले वडा कार्यालयहरुको नाममा खर्च जनाईएका तथा मातहत कार्यालयमा सोझै दाखिला भएका मालसमानहरु कार्यालयको मुल जिन्सीमा पुन आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ । रु.

| क्र.स.. | ब.उ.शि.नं. | गो.भौ./मिति | मालसामानहरुको बिवरण | संख्या | कुल भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पूँजिगत | २०७।०८१।३।२१ | काठको टेवल | २ | ७३४५० | ४ नं. वडा कार्यालयमा दाखिला |
| | | | स्टिल अफिस टेवल | २ | ३९५५० | |
| | | | कम्पुटर टेबल | २ | १९८८० | |
| | | | ओपन र्‍याक | २ | २०७९२ | |
| | | | सोफासेट | १ | ६५५४० | |
| | | | सोफा सेट (२ सिटे) | २ | ३६१६० | |
| | | | स्टिल दराज | २ | ३९५५० | |
| | | | टि टेवल | ४ | ३३९०० | |
| | | | भिजिटर चेयर | ५ | २७१२० | |
| | | | रिभल्वभिङ्ग कुर्सी (एक्जुकेटिभ) | २ | ८१३६० | |
| | | | रिभल्वभिङ्ग कुर्सी (सेमी-एक्जुकेटिभ) | २ | ३०५१० | |
| २. | गाउँपालिका पूँजिगत | २०३।०८१।३।२० | एयर कन्डिसनर मेशिन | १ | ९८००० | ४ नं. वडा कार्यालयमा दाखिला |
| ३. | गाउँपालिका पूँजिगत | १९३।०८१।३।१९ | सोफा सेट | २२ | २३६१७० | ५ नं. वडा कार्यालयमा दाखिला |
| ४. | गाउँपालिका पूँजिगत | १५७।०८१।२।१८ | एयर कन्डिसनर मेशिन | १ | ९०४०० | ८ नं. वडा कार्यालयमा दाखिला |
| ५. | गाउँपालिका पूँजिगत | ५५।०८०।८।१७ | ईभी साईकल खरिद | १ | ९६०६० | रामेश्वर खत्वे, वडा नं. ३ कार्यपालिका सदस्य |
| ६. | गाउँपालिका पूँजिगत | ५१।०८०।७।२० | डेल डेक्सटप कम्पुटर | १ | ७०००४ | ७ नं. वडा कार्यालयमा दाखिला |
| ७. | गाउँपालिका पूँजिगत | ४०।०८०।६।२९ | अफिस टेवल | | २८२५० | ५ नं. वडा कार्यालयमा दाखिला |
| | | | मुभिङ्ग बोस कुर्सी | १ | २५९९० | |
| | | | स्टील बुक र्‍याक | २ | ३८४२० | |
| | | | ३ सिटे सोफा | १ | २०९०५ | |
| | | | सिलिङ्ग पंखा | १ | २८२५ | |
| ८. | गाउँपालिका पूँजिगत | ३८।०८०।६।२५ | डेल डेक्सटप कम्पुटर | १ | ९०००० | १ नं. वडा कार्यालयमा दाखिला |
| ९. | गाउँपालिका पूँजिगत | २९।०८०।६।७ | अफिस टेवल | १ | ३१०७५ | ७ नं. वडा कार्यालयमा दाखिला |
| | | | अफिस टेवल | १ | १९८८० | |
| | | | कुर्सी गद्दावाला | १० | ७३४५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्टिल दराज | ३ | २५४१४ | |
| | | | बुक केस र्‍याक | १ | ७४५८० | |
| | | | | **जम्मा** | **१४८९२३५** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,८९,२३५ |

३६ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रु. ३२३५८००/- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार असुल फर्स्यौट हुनु पर्दछ ।

| क्र. सं. | पेश्की लिने व्यक्ति तथा संस्थाको नाम | पेश्की लिएको मिति | पेश्कीको विवरण | म्याद ननाघेको पेश्की रकम | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|---|---|
| | पदाधिकारीको पेश्की | | | | |
| १ | पालिका उपाध्यक्ष सुनिता कुमारी उराँव | ०५/३१/२०८० | न्यायिक समिति ताथा मेलमिलाप केन्द्र अवलोकन कार्य | | ३००००० |
| २ | पालिका उपाध्यक्ष सुनिता कुमारी उराँव | ०५/३१/२०८० | मेलमिलाप केन्द्र पुर्नताजगी तालिम | | ३००००० |
| ३ | पालिका उपाध्यक्ष सुनिता कुमारी उराँव | ०६/२६/२०८० | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | | १००००० |
| ४ | पालिका उपाध्यक्ष सुनिता कुमारी उराँव | ०८/०५/२०८० | जातिगत परम्परागत तथा सांस्कृतिक प्रवर्द्धन तथा संरक्षण | | ४००००० |
| ५ | वडा अध्यक्ष वडा नं २ आलम अंसारी मिया | ०७/०१/२०८० | विविध खर्च | | १८०००० |
| ६ | वडा अध्यक्ष वडा नं २ आलम अंसारी मिया | ०८/०६/२०८० | कोशी युवा क्लब लागि जिम सामाग्री बितरण | | २००००० |
| ७ | वडा अध्यक्ष वडा नं २ आलम अंसारी मिया | ०८/२७/२०८० | कोशी युवा क्लब लागि जिम सामाग्री बितरण | | १००००० |
| ८ | वडा अध्यक्ष वडा नं २ आलम अंसारी मिया | ०८/२७/२०८० | माहद मदरसाका विधार्थीहरुको लागि कपडा खरिद | | २७०००० |
| ९ | वडा अध्यक्ष वडा नं २ आलम अंसारी मिया | १२/१६/२०८० | संघर्ष युवा क्लबको लागि | | ५०००० |
| १० | वडा अध्यक्ष वडा नं २ आलम अंसारी मिया | १२/१६/२०८० | विपन्न असल सहयोग समाजको लागि | | ४०००० |
| ११ | वडा अध्यक्ष वडा नं २ आलम अंसारी मिया | १२/१६/२०८० | पशुपति युवा क्लब लागि | | ४५००० |
| १२ | वडा अध्यक्ष वडा नं ५ हविव मंसुरी | ०४/१६/२०८० | अन्य कार्यालय संचालन खर्च | | ७५००० |
| १३ | वडा अध्यक्ष वडा नं ५ हविव मंसुरी | ११/११/२०८० | पानी तथा बिजुली | | १००००० |
| १४ | वडा अध्यक्ष वडा नं ५ हविव मंसुरी | ११/१३/२०८० | इन्धन (कार्यालय प्रयोजन) | | ४०००० |
| १५ | वडा अध्यक्ष वडा नं ५ हविव मंसुरी | ११/१३/२०८० | भ्रमण खर्च तथा बैठक | | ५०००० |
| १६ | वडा अध्यक्ष वडा नं ५ हविव मंसुरी | ११/१३/२०८० | विविध खर्च | | ३५००० |
| १७ | वडा अध्यक्ष वडा नं ५ हविव मंसुरी | ११/१३/२०८० | सवारी साधन मर्मत खर्च | | ५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | वडा अध्यक्ष वडा नं ३ धिरेन्द्र कुमार यादब | | ३ नं वडा भित्र विभिन्न बाटो तथा संरचना मर्मत कार्य | | २००००० |
| | कर्मचारी पेश्की | | | | ० |
| १९ | जन स्वास्थ्य निरीक्षक रामाशंकर प्रसाद साह | १२/२०/२०८० | अन्य कार्यालय संचालन खर्च | | १००००० |
| २० | जन स्वास्थ्य निरीक्षक हिरा लाल साहु | ०४/२३/२०८० | प्रकोप तथा डेङ्गो रोग नियन्त्रण | | ४००००० |
| २१ | हेल्थ असिस्टेन्ट देव सुन्दर मेहता | ०३/३०/२०८१ | अन्य भत्ता | | १००००० |
| २२ | कृषि अधिकृत विवेक यादव | ०५/०६/२०८० | उत्पादन सामग्री / सेवा खर्च | | १००८०० |
| | संस्थागत पेश्की | | | | |
| २३ | नेपाल विद्युत प्राधिकरण इनरुवा | ०४/०१/२०८० | विद्युत संरचना निर्माण | २७५०००० | |
| २४ | श्री हिराचन/ए. एम.। एच. एम. जे. भी. | ०४/०१/२०८० | सडक तथा पूल निर्माण | ३००००० | |
| २५ | सपना।आर.के. जेभी | ०४/०१/२०८० | सडक तथा पूल निर्माण | ५६००००० | |
| २६ | शिवशक्ति सामुदायिक सिकाइ केन्द्र | ०९/२६/२०८० | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा | २५०००० | |
| २७ | सुनौलो बिहानी सामुदायिक सिकाइ केन्द्र | ०९/२६/२०८० | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा | २५०००० | |
| २८ | नेपाल विद्युत प्राधिकरण इनरुवा | १२/१४/२०८० | पानी तथा बिजुली | ३००००० | |
| २९ | नेपाल विद्युत प्राधिकरण इनरुवा | ०३/२३/२०८१ | पानी तथा बिजुली | १३२५२९ | |
| | ठेकेदार पेश्की | | | ० | |
| ३० | जल्पापुर मुसलिम निर्माण सेवा | ०४/०१/२०८० | विद्यालय भवन निर्माण | १०४०००० | |
| ३१ | पुष्पाञ्जली/जोया/ऐण्ड बोदर्श जे. भि. | ०४/०१/२०८० | गैर आवासीय भवन निर्माण/खरिद | १०००००० | |
| ३२ | सियाराम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ०६/३०/२०८० | रेहमान टोल कैयुम अंसारीको घरदेखि उत्तर सडक कालोपत्रे | ७९०००० | |
| ३३ | सियाराम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ०६/३०/२०८० | वडा नं.१को प्रकाशपुर नहरदेखि चिरौली चौकसम्म कालोपत्रे सडक | ८९०००० | |
| ३४ | सियाराम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ०७/०२/२०८० | रेहमान टोल कैयुम अंसारीको घरदेखि उत्तर सडक कालोपत्रे | ७९०००० | |
| ३५ | सियाराम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ०७/०२/२०८० | मोडेल चोक लोकमार्ग देखि दक्षिण सखसेना शाखा नहर हुदै पूर्व | ८९०००० | |
| ३६ | खामपचे।मोरङ जे.भी. | ११/११/२०८० | वडा नं.१को प्रकाशपुर नहरदेखि चिरौली चौकसम्म कालोपत्रे सडक | ६२९६००० | |
| ३७ | एच् । एम / समिक्षा जे भी | ११/१४/२०८० | समपुरक कोष साझेदारी कार्यक्रम | ३८७९२९० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | एच् । एम / समिक्षा जे भी | ११/१४/२०८० | समपुरक कोष साझेदारी कार्यक्रम | ४२८१३५९ | |
| ३९ | एच् । एम / समिक्षा जे भी | ११/२२/२०८० | समपुरक कोष साझेदारी कार्यक्रम | १०१६६६८३ | |
| ४० | खामपचे।मोरङ जे.भी | ०१/१०/२०८१ | वडा नं.१को प्रकाशपुर नहरदेखि चिरौली चौकसम्म कालोपत्रे सडक | २८१४००० | |
| ४१ | खामपचे।मोरङ जे.भी. | ०१/१०/२०८१ | पुजिगत सुधार खर्च सार्वजनिक निर्माण | ९००००० | |
| ४२ | खामपचे।मोरङ जे.भी. | ०१/१०/२०८१ | सवारी साधन | ४८२००० | |
| ४३ | खामपचे।मोरङ जे.भी. | ०१/१०/२०८१ | कृषिका लागि सिंचाइ एवम विद्युत विस्ता | २१०००००० | |
| | जम्मा | | | ४६६०२६६१ | ३२३५८०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१००,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २७,३५,००० |

३७ **राजश्व अभिलेखः**

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पूरा अभिलेख पालिकामा आएको देखिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

३८ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको पाइयो । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्ने देखिन्छ ।

३९ **आय अनुमान:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । पालिकाको केन्द्रीय अनुदानबाट रु. ४६९०६४३८२ खर्च भएकोमा आन्तरिक आय रु. ८१,६१,६१०/९२ मात्र देखिन्छ । सो रकम आन्तरिक आय १.७३ प्रतिशत हुन आउछ । साथै पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६७,४८,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ८१,६१,६१०/९२ आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमानलाई यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४० **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६७,४८,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.

८१,६१,६१०/९२ आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४१ **दाखिला हुन बाँकी राजस्वः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । राजस्वको आर्थिक विवरण अनुसार कुल आम्दानी रु.८१६१६१०/- र बैक दाखिला रु.८१४१९३५/- भई रु.१९६७५/- नगद मौज्दात रहेको देखिन्छ । बाँकी नगद मौज्दात एकिन गरि कारोबार गर्ने व्याक्ति/पदाधिकारीबाट बैंक दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६७५ |

४२ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४३ **वितरणकारी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । उल्लेखित व्यवस्था अनुसार देहायका संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने नदेखिएकोमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु..

| क्र. सं . | भौ नं/मिति | भुक्तानी पाउने | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १८६/२०८०।६।२९ | नेपाल मुस्लिम संघ | धार्मिक तथा सास्कृतिक संस्था सहायता | १,००,००० | |
| २ | ६८३/२०८०।१२।२९ | सुनसरी अपाङ्ग संघ | अपाङ्गता सचेतना कार्यक्रम | ५०,००० | |
| जम्मा | | | | १५०,००० | |

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

४४ **अनुगमन भत्ताः**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई क्रमश: मासिक रु.६,०००।– र ४,५००।-का दरले अनुगमन भत्ता खर्च लेख्न सकिने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम पालिकाले पदाधिकारीरुलाई मासिक रुपमा त्यस्तो सुविधाको रकम उपलब्ध गराएको अवस्थामा पनि नमुनाको रुपमा छनौट गरी परीक्षण गर्दा निम्नानुसारका कार्यक्रमको अनुगमन गरेबापत अनुगमन भत्ता लिएको देखियो । यसरी भुक्तानी भएको रकम दोहोरो परेको देखिएकोले सम्बन्धितबाट असुल हुनुपर्दछ । रु.

| गो. भौ . नं . / मिति | भुक्तानी पाउने | पदनाम | कार्यक्रम | भुक्तानी दर | बढी भएको करकट्टि पछिको रकम |
|---|---|---|---|---|---|
| ४९९/१०-२६ | अजमल अख्तर आजाद | अध्यक्ष | श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धि अन्तरक्रिया कार्यक्रम | १०००*८ | ६८०० |
| ४९९/१०-२६ | सुनिता कुमारी उराँव | उपाध्यक्ष | | १०००*८ | ६८०० |
| | जम्मा | | | | १३६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६०० |

४५ **राष्ट्रपति महिला सशक्तीकरण परियोजनाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४६ **परामर्शबाट तालिमः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **५,९६६,२७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

४७ **सम्झौता भन्दा बढी भुक्तानीः** (१०६८/२०८१।३।२०-२०८१-४-२):

पालिकाले यस बर्ष पालिका र किसानहरुको ५०/५० प्रतिशत लागत सहभागिता हुने गरी सम्झौता भएको छ । सम्झौताबमोजिम पालिकाले मन्सुरी एण्ड सप्लायर्स, इनरुवाबाट रु.७७४०००।- मा १७२ वटा टु इन वान स्प्रे ट्यांकी खरिद भएको विल पेश भएको छ । संझौताको शर्त बमोजिम पेश भएको बिल अनुसार पालिकाबाट ५० प्रतिशत रकम रु.३,८७,०००।- भुक्तानी हुनुपर्ने देखिएकोमा रु.४,००,०००।- भुक्तानी भएको पाइयो । संझौता भन्दा बढी भुक्तानी भएको रकम रु.१३०००।- पालिकाबाट यकिन गरी सम्बन्धितबाट असुल गर्नपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,००० |

४८ **वितरण भरपाई नभएकोः** (१०६८-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष पालिका र किसानहरुको ५०/५० लागत सहभागितामा मन्सुरी एण्ड सप्लायर्स, इनरुवाबाट प्रतिगोटा रु.४५००।– का दरले १७२ वटा टु इन वान स्प्रे ट्यांकी रु. ७७४०००।- खरिद गरेको देखिएकोमा किसानहरुलाई १५५ वटा मात्र वितरण गरेको देखिएकोमा वितरण भएको विवरण सहित सार्वजनिक गरेको पाईएन । वितरण हुन बाँकी १७ थान वितरण भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,५०० |

४९ **टोल विकास समिति गठनः** (१८४/२०८०।६।२९-२०८०-६-२९):

टोल विकास समिति गठन गर्ने सम्बन्धमा पालिका र संयुक्त प्रयास विराटनगरबीच मिति २०८०।४।११ मा संझौता भएको देखियो । संझौताको शर्त बमोजिम संयुक्त प्रयास नामक संस्थाले २०८० आश्विन भित्र सबै वडा समेटेर ४० वटा टोल विकास समिति गठन

गर्नुपर्ने र सो कार्य गरेबापत पालिकाले रु.४,९४,९४०।- भुक्तानी गर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा पेश भएका श्रेस्ता परीक्षण गर्दा सम्झौताबमोजिम पूरै कार्य नगरी ३१ वटा मात्र टोल विकास संस्था गठन गरेको अवस्थामा पनि पालिकाले सम्झौता बमोजिमको कूल रकम रु. ४,९४,९४०।- भुक्तानी दिएको देखियो । सम्झौता बमोजिम बाकी ९ वटा टोल विकास संस्था गठन गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,११,३६१ |

५० **गत बर्षको दायीत्वः**

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(६) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा नियम ४१(७) मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र भुक्तानी दिनु पर्ने कारण खोली महालेख परीक्षको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई बार्षिक आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक निकाय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षको भुक्तानी बाँकी भनी यस वर्ष रू. ४६,२९,०२३/- भुक्तानी गरेको छ । तर नियमानुसार भुक्तानी दिन बाँकीको स्पष्ट कारण र भुक्तानी पाउनेको नाम नामेसी खुलाई भुक्तानी बाँकीको कच्चावारी लेखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आन्तरिक लेखापरीक्षक र प्रदेश लेखा नियन्त्रक इकाईबाट प्रमाणित नगरी खर्च लेखेको रकम नियम सम्वत देखिएन ।रु.

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./मिति | भुक्तानी पाउने फर्म/ व्यक्तिको नाम | बापत | रकम रु. |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका पूँजिगत | २३।०८०।५।१३ | श्री महेश्वरी निर्माण सेवा, कोशी-३ | जनता मा.बि.भवन निर्माण | ५६३२५३ |
| २. | गाउँपालिका पूँजिगत | ४१।०८०।६।२९ | आशिर्बाद निर्माण सेवा, उदयपुर | पालिका प्रशासकिय भवन निर्माण | १७२५२५७ |
| ३. | गाउँपालिका पूँजिगत | ५७।०८०।८।१७ | साग्रिला ईनफरमेटिक्स प्रा.लि., काठमाण्डौ | बिद्यालयहरुमा आय लेखा र मालपोत तथा भुमिकर सम्बन्धि सफ्टवेयर नबिकरण | २६०७५८ |
| ४. | गाउँपालिका पूँजिगत | १२।०८०।४।१९ | श्री महेश्वरी निर्माण सेवा, कोशी-३, सुनसरी | वडा नं. ३ को महानन्द मेहत्ताको घरदेखि वौवालाल मेहत्ताको घरसम्म र शिव नारायण मेहत्ताको घरदेखि खुनिया खोला पुलसम्म ग्राभेल गर्ने कार्य | ९१६४५३ |
| ५. | गाउँपालिका पूँजिगत | ११।०८०।४।१९ | दारुल उलुम मदरशा व्यवस्थापन, लाईब्रेरी घर व्यवस्थापन खर्च | वडा नं.२ को लब टोलिया अकाहा बजार दारुल उलुम मदरशा व्यवस्थापन खर्च | २०००९१ |
| ६. | गाउँपालिका पूँजिगत | १०।०८०।४।१६ | मनोज ट्रेडर्स, ईटहरी | सिलाईकटाई मेशिन खरिद | २९४३२७ |
| ७. | गाउँपालिका पूँजिगत | ३।०८०।४।११ | अमित कुमार सिंह | जनता चोकदेखि दक्षिण जाने सडक मर्मत | ९७०३७ |
| | गाउँपालिका पूँजिगत | ४।०८०।४।११ | रामचन्द्र यादब | जनता चोकदेखि दक्षिण जाने सडक मर्मत | ९७५६२ |
| ८. | गाउँपालिका पूँजिगत | ८।०८०।४।१६ | पानालाल शर्मा खत्वे | सत्यनारायण यादबको घरदेखि दक्षिण सरस्वती आधारभुत बिद्यालयसम्म जाने बाटो | ९८९४७ |
| ९ | गाउँपालिका चालु | २९६/०८०।८।१७ | मशलन्द तथा कार्यालय सामाग्री | मनोज पेपर वर्क्स | १४९८३८ |
| १० | गाउँपालिका चालु | ३१/०८०।४।१९ | विविध (खाना खाजा) | विभिन्न होटल | १०३०७५ |
| ११ | गाउँपालिका चालु | ३१/०८०।४।१९ | सवारी मर्मत | नखुलेको | ७१५० |
| १२ | गाउँपालिका चालु | ३१/०८०।४।१९ | इन्धन | नखुलेको | ५१२०० |
| १३ | गाउँपालिका चालु | ३१/०८०।४।१९ | कार्यालय सरसफाई ज्याला | सुवेदा खातुन | २५००० |
| १४ | गाउँपालिका चालु | ६२-०८०।८।२२ | २०७९श्रावणदेखि २०८० असोजसम्मको छुट तलब ग्रेड | सि.अ.न.मी.छैठौं कल्याणी मिश्र | ३९०७५ |
| | | | | जम्मा | **४६२९०२३** |

| | |
|---|---|
| अनियमित भएको | ४६,२९,०२३ |

५१ **अन्य कार्यालयको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समानीकरण अनुदान बापत केन्द्र सरकारबाट प्राप्त रकम छुट्टै बजेट विनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाइयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । उल्लेखित खर्च नियमित हुनु पर्दछ । रु.

**केहि उद्धाहरणहरु:**

| सि.नं. | ब. उ . शि . नं . | गो. भौ./ मिति | सप्लाईकर्ता फर्मको नाम | भुक्तानी पाउने कार्यालय/ संस्थाको नाम | प्रयोजन/कामको बिवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिका पूँजिगत | ६४। ०८०।८। १८ | काग्या अनलाईन प्रा.लि., चण्डोल, काठमाण्डौ | कोशी प्रदेश प्रहरी कार्यालय | बेन मोरी (BAN-MARIE) | ९८०२७ | कोशी प्रदेश प्रहरी कार्यालय, बिराटनगर |
| | | | | | जम्मा | ९८०२७ | |

| | |
|---|---|
| अनियमित भएको | ९८,०२७ |

५२ **शिक्षातर्फः**

शिक्षा तर्फ देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

५२.१ **शिक्षक दरबन्दी र पदपूर्तिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ५९ वटा बाल विकास केन्द्र, २५ वटा प्राथमिक विद्यालय, १० वटा निम्न माध्यमिक विद्यालय र 6 वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ४१ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | शिक्षण सिकाइ अनुदान | जम्मा | २०८० | |
| प्राथमिक शिक्षक | ९६ | ४२ | ४५ | ९ | ० | ९६ | ३३६२ | ३५:०१ |
| निम्न माध्यमि शिक्षक | १८ | ९ | ६ | ३ | ० | १८ | ८९४ | ५०:०१ |
| माध्यमिक शिक्षक | ११ | ४ | १ | २ | ४ | ११ | ५६५ | ५१:०१ |
| उच्च माध्यमिक शिक्षक | २ | - | २ | - | ० | २ | ५५ | २८:०१ |
| प्राविधिक धार | ० | ० | ० | ० | ० | ० | ० | ०:० |
| जम्मा | १२७ | ५५ | ५४ | १४ | ४ | १२७ | ४८७६ | ३९:०१ |

पालिकाको कुल दरबन्दीमा ४३.३ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबैभन्दा कम उ.मा..वि.तहमा एक शिक्षकले २८ जना र सबैभन्दा बढी मा.वि. तहमा एक शिक्षकले ५१ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । समग्रमा पलिकामा एक शिक्षकले ३९ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ ।

५२.२ **पालिकाको शैक्षिक अवस्थाः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गत रहेका विद्यालयहरुमा कक्षा ८ मा ४६५ जना र कक्षा १० मा २७९ विद्यार्थी अध्ययनरत रहेको देखिएकोमा अन्तिम परीक्षामा कक्षा ८ मा ४६५ जना र कक्षा १० मा २७९ विद्यार्थीमात्र सहभागी भएको देखिन्छ । पालिकाबाट संचालित कक्षा ८ र एस.ई.ई. परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिकाको यस वर्ष कक्षा ८ मा ४२४ जना उतीर्ण भएको र एस.ई.ई.परीक्षामा २३९ जना उतीर्ण भएको देखिन्छ । पालिकाले शैक्षिक गुणस्तर अभिबृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८ र १० को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुको नतिजा देहाय बमोजिम रहेको छः

| क्र. सं . | GPA | GRADE | कक्षा ८ | एस.ई.ई. |
|---|---|---|---|---|
| १ | ०.८-१.२ | D | ४१ | ४० |
| २ | १.२-१.६ | D+ | ० | ० |
| ३ | १.६-२.० | C | ० | ८ |
| ४ | २.०-२.४ | C+ | १८ | ७४ |
| ५ | २.४-२.८ | B | १२३ | ७३ |
| ६ | २.८-३.२ | B+ | १८२ | ७९ |
| ७ | ३.२-३.६ | A | ८३ | ५ |
| ८ | ३.६-४.० | A+ | १८ | ० |
| जम्मा | | | ४६५ | २७९ |

५२.३ (२६१-२०८१-३-२१):

**अंग्रेजी माध्यममा शिक्षण सिकाइः** पालिकाको गाउँ शिक्षा समितिको मिति २०८०।१२।२१ गते भएको निर्णयानुसार श्री पृथ्वीनारायण माध्यमिक विद्यालय भोक्राहा नरसिंह-४ लाई सुधारिएको विद्यालयका रुपमा विकास गर्न छनौट गरी शैक्षिक सत्र २०८१ देखि कक्षा १ मा अङ्ग्रेजी माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्नको लागि नयाँ भर्नाको लागि प्रचारप्रसार गर्न, अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद गर्न, स्कूल व्यागमा विद्यालयको नाम लेख्न लगायतका कार्य गरेबापत भएको खर्चको बिल भरपाईको आधारमा पालिकाले

विद्यालयलाई संघिय सशर्त अनुदान शीर्षकबाट रु.६७,२४४।– निकासा दिएको देखियो । पालिकाबाट भएको निर्णयानुसार विद्यालयमा हुने थप खर्च रकम पालिका कै आन्तरिक स्रोतबाट व्यहोरिनु पर्ने देखिएकोमा संघीय सरकारलाई थप व्ययभार पर्ने देखिदा उक्त खर्च रकम संघीय संचित कोषमा सोधभर्ना भएको प्रमाण पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,२४४ |

५२.४ **प्रतिविद्यार्थी लगानीः** पालिकाले यस आर्थिक वर्षमा शिक्षातर्फ संघीय सशर्तबाट रु.११,२७,०९,९८०।-र गाउँपालिका चालुबाट रू.८०,९८,४६२।– समेत जम्मा रू.१२,०८,०८,४४२।-खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८० मा सामुदायिक र परम्परागत विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मका ९१५० जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रू.१३,२०३।- लगानी भएको देखिन्छ । यस सम्बन्धी थप विवरण देहयाबमोजिम रहेको छः

**सामुदायिक विद्यालयतर्फः** पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता र विद्यालय सहयोगीको तलब भत्तामा रु.७,४४,०३,२९८।- दिवा खाजामा रू.47,51,565।-, पाठ्यपुस्तकमा रू.२१,७१,७५७।-, छात्राबृत्तिमा रू.१०,१८,०००।- लगयतका शीर्षकमा संघीय सशर्तबाट रु.९,४४,६१,२८०।- र गाउँपालिका चालुबाट रु.७०,०६,४६२।- गरी जम्मा रु.१०,१४,६७,७४२।- खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयतर्फ प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी ४८७६ जना देखिएकोले प्रति विद्यार्थी रू.२०,८१०।- लगानी भएको देखिन्छ । पालिकाले लगानीबमोजिम उपलब्धीमा जोड दिनुपर्दछ ।

**परम्परागत विद्यालयत**र्फः पालिकाले यस आर्थिक वर्षमा दरबन्दी वा राहत अनुदान कोटामा कार्यरत १३ जना शिक्षक र १२ जना बाल विकास सहज कर्ता सहित जम्मा २५ जनाको तलब भत्तामा रु.६२,९७,५८७।-, दिवा खाजामा रू.४०,८६.०१५।-, पाठ्यपुस्तकमा रू.१५,०४,४३३।-।-, छात्राबृत्तिमा रू.६,७३,०००।-, परम्परागत विद्यालय अनुदानमा रु.५२,०५,०००।- लगयतका शीर्षकमा संघीय सशर्तबाट रु.१,८२,४८,७००।- र गाउँपालिका चालुबाट रु.१०,९२,०००।- गरी जम्मा रु.१,९३,४०,७००।- खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८० मा परम्परागत विद्यालयमा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म ४२७४ जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रू.४,५२५।- लगानी भएको देखिन्छ । पालिकाले लगानीबमोजिम उपलब्धीमा जोड दिनुपर्दछ ।

५२.५ **कक्षा ८ को परीक्षा संञ्चालनः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रु. २७५।– का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाबाट उपलब्ध तथ्याङ्क अनुसार पालिकाले यस वर्ष पालिका अन्तर्गत १३ वटा (सामुदायिक ७, परम्परागत ४ र संस्थागत २) विद्यालयहरूमा कक्षा ८ मा अध्ययन गर्ने ४७५ (सामुदायिक ३०६, परम्परागत १४५ र संस्थागत २४ जना) जना विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट रु.१,८३,०००।– र गाउँपालिका चालुबाट रु.२,००,०००।- गरी जम्मा रु.३,८३,०००।- खर्च गरेको देखिन्छ । एक विद्यार्थीको परीक्षा लिने कार्यको लागि औषतमा रू.७७०.६२ खर्च गरेको पाइन्छ । खर्च गर्ने प्रक्रियामा मितव्ययिता अपनाउनु पर्दछ ।

५२.६ **निर्धारित नर्म्स भन्दा बढी खर्चः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रु. २७५।– का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गत १३ वटा (सामुदायिक ७, परम्परागत ४ र संस्थागत २) विद्यालयहरूमा कक्षा ८ मा अध्ययन गर्ने ४७५ (सामुदायिक ३०६, परम्परागत १४५ र संस्थागत २४ जना) जना विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट नियमानुसार रु.१,३०,६२५।– मात्र खर्च

गर्नुपर्नेमा रु.१,८३,०००।– खर्च गरेको देखियो । यसरी खर्च गर्दा संघीय सरकालाई रु.५२,३७५।– थप व्ययभार परेको देखिएकोले पुस्तिकामा उल्लेखि व्यवस्थाबमोजिम खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५२.७ **पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको शैत्रिक सत्र २०८१ अनुसासर सामुदायिक विद्यालयतर्फका कक्षा १ देखि ११ सम्मका ३७७२ र परम्परागत विद्यालयतर्फका कक्षा १ देखि ११ सम्मका ३९७१ गरी ७७४३ जना विद्यार्थीको लागि रू. ३६,७६,१९०।-अनुदान दिएको छ तर विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई बितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । IEMIS र विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नहुँदा विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई अनुदान दिनु पर्दछ र खर्चको सुनिश्चितताको लागि आवश्यक संयन्त्र बनाइ अनुगमन गरिनु पर्दछ ।

उदाहरणको लागि पृथ्वीनारायण मा.वि. भोक्राहा नरसिंह-४ मा अवलोकन गर्दा शैक्षिक सत्र २०८१ मा विद्यार्थीको रजिष्टरमा देखिएका विद्यार्थी संख्या र IEMIS अनुसार देखिएका विद्यार्थी संख्याबीच भिडान भएको देखिएन जुन विवरण देहयाबमोजिम उल्लिखित छनः

| क्र.सं. | कक्षा | अवलोकनबाट देखिएको विद्यार्थी संख्या | IEMIS बाट देखिएको विद्यार्थी संख्या | पाठ्य पुस्तक बुझिलिने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | ECD | ६४ | ६४ | |
| २ | १ | ७५ | ७२ | ७७ |
| ३ | २ | २० | २१ | १९ |
| ४ | ३ | २८ | २३ | २७ |
| ५ | ४ | २१ | २२ | २४ |
| ६ | ५ | ३९ | २३ | ३९ |
| ७ | ६ | ३० | २५ | ३३ |
| ८ | ७ | ५२ | ४५ | ५२ |
| ९ | ८ | ४७ | ४० | ४४ |
| १० | ९ | ७३ | ६५ | ७१ |
| ११ | १० | ७२ | ६८ | ६७ |
| | | ५२१ | ४६८ | ४५३ |

५२.८ **दिवा खाजाः** पालिकाले यस वर्ष दिवा खाजामा २०८० श्रावणदेखि चैत्रसम्म रू. ६१,५९,१६५।- र २०८१ बैशाखदेखि असारसम्म रू. २६,७८,४१५।- गरी जम्मा रू.८८,३७,५८०।- खर्च गरेको देखिन्छ । पालिकाले उपलब्ध गराएको IEMIS को तथ्याङ्क अनुसार शैक्षिक सत्र २०८० को ECD देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या (सामुदायिक विद्यालयमा ३३६२ र परम्परागतमा ३३८३ जना) ६७४५ जना रहेको देखिएकोले औषतमा एक विद्यार्थीको लागि ६१ दिनको दिवा खाजा बापतको रकम उपलब्ध गराएको देखियो । त्यसैगरी शैक्षिक सत्र २०८१ मा सोही कक्षाहरुमा अध्ययन गर्ने विद्यार्थी संख्या (सामुदायिक विद्यालयमा ३०३९ र परम्परागतमा ३४९७ जना) ६५३६ जना देखिएकोले औषतमा एक विद्यार्थीको लागि २८ दिनको दिवा खाजा उपलब्ध गराएको देखियो । पालिकाको शैक्षिक पात्रो अनुसार २०८० श्रावणदेखि चैत्रसम्म परीक्षा सञ्चालन भएको दिनबाहेक पठनपाठनको लागि १२६ दिन र २०८१ बैशाखदेखि असारमसान्तसम्म ५७ दिन गरी १८३ दिन विद्यालय सञ्चालन भएको देखिन्छ । पालिकाले दिवा खाजामा गरेको खर्चको आधारमा विद्यार्थीलाई वार्षिक औषतमा ८९ दिनको दिवा खाजा खुवाएको देखिन्छ । पालिकाले विद्यालयहरुबाट पेश भएको विद्यार्थीको प्रमाणित हाजिरीको आधारमा दिवा खाजाबापतको रकम निकासा दिएको छ । निकासा रकमको सहि उपयोग सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

५२.९ **शिक्षकको तलब भत्ताः** पालिकाले यस वर्ष पालिका अन्तर्गत रहेका ४५ विद्यालयमध्ये दरबन्दी रहेका २३ विद्यालयमा कार्यरत ९ जना माध्यमिक, १८ जना निम्न माध्यमिक र ९६ जना प्राथमिक तहका स्थायी शिक्षकसमेत जम्मा १२३ जना शिक्षकहरुको तलबी प्रतिवेदन मिति २०८०/04/26 मा राष्ट्रिय किताब खाना, काठमाडौबाट पारित गरेको छ । पालिकाले यस वर्ष माध्यमिक तहको शिक्षकको तलब भत्तामा रु. ५९,१८,८७४।- र आधारभूत तहका शिक्षकको तलब भत्तामा रु. ५,९७,१९,०७७।- खर्च लेखेको छ । त्यसै गरी ५९ जना बाल विकास सहजकर्ता, ४ जना विद्यालय सहायक र २३ जना विद्यालय कर्मचारीको तलब भत्तामा संघीय शसर्त शीर्षकबाट रू.१,४३,४६,९६६।– र पालिका चालुबाट रु.५१,०३,०३४।-गरी जम्मा रु.१,९४,५०,०००।-खर्च गरेको छ भने शिक्षण सहयोग अनुदान (विज्ञान, गणित, अंग्रेजी शिक्षक व्यवस्थापन) ४ जना मा.वि.तहका शिक्षकलाई तलब भत्तामा रु.२०,३०,०८३।– सहित तलब भत्तामा जम्मा रू.८,७१,१८,०३४।- खर्च गरेको देखिन्छ ।

५२.१० **शिक्षक, विद्यार्थी र विद्यालयः** पालिकामा सञ्चालन रहेका ४५ वटा विद्यालयहरुमा शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी ९०२५ जना रहेको देखिन्छ । पालिकामा ५० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय २ वटा रहेको देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्यांक अनुसार विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्याको अवस्था देहाय बमोजिम रहेका छन्

| क्र.सं. | विद्यार्थी संख्या | सार्वजनिक विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०८० | शैक्षिक सत्र २०८१ |
| १ | ५० जना भन्दा कम विद्यार्थी भएको | २ | २ |
| २ | ५० देखि १०० जना | १० | १३ |
| ३ | १०० देखि १५० जना | १० | ११ |
| ४ | १५० देखि २०० जना | ३ | ३ |
| ५ | २०० देखि २५० जना | ४ | ४ |
| ६ | २५० देखि ३०० जना | २ | २ |
| ७ | ३०१ देखि ४०० जना | ४ | ४ |
| ८ | ४०१ देखि ५०० जना | ३ | ३ |
| ९ | ५०० देखि माथी | ३ | ३ |
| | जम्मा ४५ | ४१ | ४५ |

५२.११ **सङ्घीय सञ्चित कोषमा सोधभर्नाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.१.१.४.१ मा बाल विकास शिक्षक, विद्यालय सहायक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी व्यवस्था छ । जसअनुसार शसर्त अनुदानबाट बाल विकास शिक्षकलाई मासिक रु.१०,०००।-, विद्यालय सहायकलाई मासिक १३,५००।- र विद्यालय कर्मचारीलाई मासिक रु.८,०००।- का दरले १३ महिनाको लागि पारिश्रमिक उपलब्ध गराउने र स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम थप गरी पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले माथि उल्लिखित सबै कर्मचारीको हकमा प्रति महिना रु.७,०००।- का दरले पालिकाको स्रोतबाट व्यहोर्ने निर्णय गरी ५९ जना प्रारम्भिक बालविकास शिक्षक, २३ जना विद्यालय सहयोगी र ४ जना विद्यालय सहायक कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेको छ । पालिकाबाट प्राप्त तथ्याङ्क अनुसार संघीय सशर्त शीर्षकबाट रू.१,१६,२४,०००।- खर्च हुनुपर्नेमा रू.१,४३,४६,९६६।- भएको देखियो । यस सम्बन्धमा पालिकासँग छलफल गर्दा पालिकाबाट भुक्तानी हुनुपर्ने रकम नपुग भएको जनाएको छ । सङ्घीय सशर्तबाट खर्च लेख्न नमिल्ने खर्च गरेको रकम रु.२७,२२,९६६।- सङ्घीय सञ्चित कोषमा सोधभर्ना भएको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,२२,९६६ |

५३ **परम्परागत विद्यालय अनुदानः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.२.१३.११ मा दरबन्दी वा राहत अनुदान कोटा नभएको कक्षा १ देखि ५ सम्म सञ्चालित परम्परागत विद्यालयका लागि वार्षिक एकमुष्ठ रू. २ लाख ४१ हजार, कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ठ रू. ५ लाख र कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ठ रू.१० लाख अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत जम्मा १५ वटा सञ्चालनमा रहेका परम्परागत विद्यालयहरुमध्ये दरबन्दी वा राहत अनुदान कोटा नभएका १० विद्यालय र दरबन्दी रहेका ५ विद्यालयसमेत १५ विद्यालयलाई एकमुष्ठ अनुदान, पाठ्यपुस्तक, छात्राबृत्ति, दिवाखाजा र सेनिटरी प्याड व्यवस्थापनको लागि रु. १९३४०७००।- अनुदान उपलब्ध गराएको छ । उपलब्ध अनुदानको प्रभावकारी उपयोगको सम्बन्धमा पालिकाबाट अनुगमन गरिनु पर्दछ । उक्त परम्परागत विद्यालयहरुमा शिक्षक दरबन्दी वा राहत अनुदान कोटामा कार्यरत शिक्षक, अध्ययनरत विद्यार्थी संख्या र उपलब्ध गराएको अनुदानको विवरण देहायबमोजिम रहेका छन्

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | कार्यरत शिक्षक (पालिकाबाट पठाएको) संख्या | विद्यार्थी संख्या (शैक्षिक सत्र २०८०) | विद्यार्थी संख्या (शैक्षिक सत्र २०८१) | सम्पूर्ण उपलब्ध अनुदान रकम |
|---|---|---|---|---|---|---|
| १ | दारुल उलुम मजहरुल भो.न.-२ | 5-Jan | ० | १४३ | १२८ | ८७१७५२ |
| २ | माहद सैयादिना बेलाल भो.न.-२ | 6-Jan | २ | ५७३ | ६३६ | १५८७७३८ |
| ३ | मदरसातहफेजुल कुरान भो.न.-२ | 5-Jan | ० | ११९ | ७५ | ६५८८५२ |
| ४ | जामिया स्लामिया भो.न. -४ | 12-Jan | ४ | ६६७ | ७९३ | ४४२७१७२ |
| ५ | मदरसास्लामिया भो.न.-४ | 5-Jan | ० | १२६ | ८९ | ६४९३८९ |
| ६ | जामियातुलमोहिसिन्नात मदरसा भो.न.-४ | 8-Jan | ० | ३२५ | २७० | ६८४२८२ |
| ७ | मदरसत्तुलउलुल अल स्लामिया भो.न.-५ | 10-Jan | ० | २७० | २८२ | १००६९६१ |
| ८ | मदरसाइस्लाहुल मुस्लेमिन भो.न.-५ | 7-Jan | ० | ३३३ | ३२४ | १८०८९५६ |
| ९ | मदरसातालिमुल कुरान भो.न.-५ | 5-Jan | ० | २२० | २४२ | ९७५६८५ |
| १० | मदरसादारूल इमान भो.न. ६ | 5-Jan | ० | १५९ | १०५ | १०२७७२० |
| ११ | मदरसादारुल फलाह भो.न.-६ | 5-Jan | ० | १३३ | १२४ | ३१५५०९ |
| १२ | मदरसादारुल फुर्कान भो.न.-७ | 7-Jan | १ | १८८ | १८४ | १३१७०७० |
| १३ | मदरसासेराजुल उलूम भो.न. -८ | 6-Jan | ० | ४६१ | ४८९ | १७३७४७० |
| १४ | जामियाजियाउल उलूम भो.न.-८ | 8-Jan | ३ | ४०१ | ४४४ | १४७०९५४ |
| १५ | मदरसाजियाउल उलूम भो.न.-८ | 6-Jan | ३ | १५६ | १४० | ८०११९१ |
|  | जम्मा |  | १३ | ४२७४ | ४३२५ | १९३४०७०० |

५४ **वितरण तथा दाखिला (शिक्षा गा.पा चालु)**

कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्सस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । देहायका सामान खरिद गरि पालिकाको जिन्सी खातामा दाखिला गरि खर्च घटाएको पाइयो । सम्बन्धित विद्यालयहरुलाई हस्तान्तरण गरि सोही विद्यालयहरुले आम्दानी जनाएको प्रमाण पेश हुनुपर्ने रु

| सि नं | भौ नं. र मिति | विद्यालयको नाम | सामाग्रीको नाम | खरिद भएको फर्म | पालिकामा दाखिला मिति | खरिद मूल्य |
|---|---|---|---|---|---|---|
| १ | ११/२०८०।८।१८ | शारदा मा.बि, | | शाह एण्ड ब्रदर्स इम्पायरबाट | २०८०।८।५ | ९,६३,०००/- |
| २ | गा पा चालु शिक्षा तर्फ | पृथ्वीनारायण मा.बि | Interactive Flat Panel | | | |
| ३ | | जामियमा स्लामिया | | | | |
| ४ | २२/२०८०।९।२२ | शारदा मा.बि, | कम्प्युटर सेट | द रोयल अटो इन्टरनेशनल | २०८०।९।११ | ९,९५,९८८/- |
| ५ | गा पा चालु शिक्षा तर्फ | पृथ्वीनारायण मा.बि | | | | |
| ६ | | जामियमा स्लामिया | | | | |
| | | | | | जम्मा | १९,५८,०००/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,५८,००० |

५५ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५६ **प्याड नस्ट गर्ने मेसिन (सशर्त चालु)** (३६-०८०।७।१६-२०८०-७-१६):

पालिकाले यस वर्ष सेनिटरी प्याड व्यवस्थापन खर्च शीर्षकबाट मुल्य अभिबृद्धि कर सहित सेनिटरी प्याड नस्ट गर्ने मेसिन प्रति गोटा रु.१,०५,०००।– का दरले ३ वटा रु.३,१५,०००।– मा खरिद गरी जनाता माध्यमिक विद्यालय, वडा नं. ३, जामिया स्लामिया,वडा नं,४ र पृथ्वीनारायण माध्यमिक विद्यालय, वडा नं.४ लाई वितरण गरेको देखियो । स्थालगत रुपमा अवलोकन गर्दा श्री पृथ्वीनारायण माध्यमिक विद्यालय, भोक्राहा नरसिंह गाउँपालिका-४ मा मेसिन प्रयोगमा नआई अफिस कोठामा राखिएको अवस्थामा पाइयो । जुन उद्देश्यले खरिद गरी विद्यालयलाई हस्तान्तरण गरिएको हो सो प्रयोजनमा उपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी हस्तान्तरित मेसिन पूर्ण प्रयोगमा आउनु पर्दछ ।

५७ **विद्यालय सुधार योजना निर्माणः** (८५-२०८०-९-२२):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।– र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।-का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ । यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले पालिकाभित्रका ४५ वटा विद्यालयहरुमध्ये १५ वटा विद्यालयलाई सुधार योजना निर्माणको लागि रु.२,९०,०००।- अनुदान रकम निकासा दिएकोमा विद्यालयबाट विद्यालय सुधार योजना निर्माण गरी पालिकामा पेश गरेको देखिन्छ । विद्यालयले पेश गरेको योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

५८ **सेनिटरी प्याड खरिदः** (५-२०८०-५-२५):

कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी

अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ ।

पालिकाले कतिपय विद्यालयहरुले कक्षा ६ देखि १२ सम्मका छात्रा संख्या यकिन नगरी पालिकासँग सेनिटरी प्याड माग गरेको मागपत्रको आधारमा आवश्यक परिमाण निर्धारण गरेको देखियो । छात्रासंख्या यकिन नगरी खरिद गरिने सेनिटरी प्याडको परिमाण निर्धारण गर्नु वस्तुनिष्ठ देखिएन । पालिकाले यस शीर्षकमा रु.९,८८,००६।- लागत अनुमान बनाई कोटेशनबाट नित्य श्री सप्लायर्स (६१६७९९६३१) बिराटनगर-११ बाट १३६०० प्याकेट सेनिटरी ( Ultra २४० mm) प्याड प्रति प्याकेट रू.७१.७५५ (मु.अ.कर समेत) का दरले रू.९,७५,८६८।- को खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्षभरी वितरण गर्नुपर्ने प्रावधान बमोजिम पालिकाले देहायका १५ वटा विद्यालयलाई बुझाएको पाइयो । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरेको नपाइएकोले नियमानुसार अनुगमन गरी सही सदुपयोग भए नभएको यकिन हुनुपर्दछ ।

| क्र.स. | विद्यालयको नाम | पालिकाबाट वितरणको लागि विद्यालयलाई दिएको प्याड संख्या | प्रतिप्याड मुल्य | जम्मा मुल्य |
|---|---|---|---|---|
| १ | सरस्वती आ. वि ., वडा नं . ३ | ६०२ | ७१.७५५ | ४३१९७ |
| २ | जनता मा. वि . वडा नं . ३ | १२०० | ७१.७५५ | ८६१०६ |
| ३ | जनता मा. वि . वडा नं . ७ | २००० | ७१.७५५ | १४३५१० |
| ४ | पृथ्वीनारायण मा. वि . वडा नं . ४ | १२०० | ७१.७५५ | ८६१०६ |
| ५ | शारदा मा. वि . वडा नं . १ | १४०० | ७१.७५५ | १००४५७ |
| ६ | जामिया स्लामिया, वडा नं . ४ | १४०० | ७१.७५५ | १००४५७ |
| ७ | जामिअतुल मोहिसिन्नात, वडा नं . ४ | २६५० | ७१.७५५ | १९०१५१ |
| ८ | राष्ट्रिय आ. वि ., वडा नं . ८ | २२४ | ७१.७५५ | १६०७३ |
| ९ | मदरसा दारूल फुर्कान, वडा नं . ७ | २९१ | ७१.७५५ | २०८८१ |
| १० | जामिया जियाउल उलूम, वडा नं . ८ | १५८२ | ७१.७५५ | ११३५१६ |
| ११ | मदरसा सेराजुल उलुल, वडा नं . ८ | २७५ | ७१.७५५ | १९७३३ |
| १२ | मदर्सा स्लाहुल मुस्लेमिन, वडा नं . ५ | १२६ | ७१.७५५ | ९०४१ |
| १३ | मदरसा दारूल फलाह, वडा नं . ६ | ९६ | ७१.७५५ | ६८८८ |
| १४ | मदरसा दारूल इमान, वडा नं . ५ | २६६ | ७१.७५५ | १९०८७ |
| १५ | माहद सैयादिन बिलाल, वडा नं . २ | २८८ | ७१.७५५ | २०६६५ |
| | जम्मा | १३६०० | | ९७५८६८ |

५९ **औषधि उपचार खर्चः** (१०४-०८०।१०।१८-२०८०-१०-१८):

मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी २८ जना, डायलाइसिस रोगी ४ जना, मृगौला प्रत्यारोपण गरेका ० जना र मेरुदण्ड पक्षघात ० जना रोगी समेत ३२ जनालाई जम्मा रु.९,६०,०००।– भुक्तानी दिएको देखिन्छ । पालिकाले देहायका भौचरबाट लक्ष्मी सनराइज बैंकलाई रु. ५६५०००।– निकासा दिएको देखिएकोमा बैंकबाट लाभग्राहीको खातामा जम्मा गरेको छ । यस प्रकारको प्राप्त गर्ने व्यक्तिको नाम नामेसी सहित विवरण सार्वजनिकीकरण गरेको पाईएन । लाभग्राहीको खातामा जम्मा गरेको नामनामेसी खुलाएको प्रमाण संलग्न भएको नपाइएकोले उक्त प्रमाण पेश हुनुपर्दछ । रु.

| क्र. सं . | भौ. नं ./ मिति | चेक नं. | निकासा रकम |
|---|---|---|---|
| १ | १०४-०८०।१०।२८ | ६१७६७११९ | ५६५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६५,००० |

६० **स्वास्थ्य तर्फः**

स्वास्थ्य तर्फ देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

६०.१ **औषधि खरिदः** पालिकाले आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि संघीय सशर्त चालु बजेट उप शीर्षकबाट रू. १८,६४,९९२।– र गाउँपालिका चालुबाट रू.२५,६३,७८२।– गरी विद्युतीय दरभाउपत्रको माध्यमबाट डालिमा मेडिसेल्स (६१०३२८५९२) बाट रु.१०,५६,४००।– र सोझै खरिद विधिबाट रु.३३,७२,३७४।-को गरी जम्मा रू.४४,२८,७७४।– को औषधि तथा औषधिजन्य सर्जिकल सामग्री खरिद गरेको पाइयो । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छन्

**(क) लागत अनुमान तयारीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अधिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तीका, २०७४ अनुसार १ लाख भन्दा बढीको खरिदमा लागत अनुमान बनाइ स्वीकृत गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्थाबमोजिम कतिपय औषधि खरिदका लागि लागत अनुमान नै तयार नगरी खरिद गरेको र लागत अनुमान बनाएकामा ३ वटा फर्मबाट एकाइ दर माग गरी प्राप्त एकाइ दरको औषत मुल्यलाई आधार लिएको पाइयो । यसरी लागत अनुमान नबनाई खरिद गर्ने प्रकृयामा सुधार हुनुपर्दछ ।

६०.२ (२११-०८१।२।२५-२०८१-२-२५):

**न्यानो झोला कार्यक्रमः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० को बाँकी ५० वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा न्यानो झोला ५०० वटा प्रतिवटा रु.८९५।- का दरले रु.४,४७,४९९।-को खरिद गरेको देखिन्छ । पालिका अन्तर्गत रहेका 2 वटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका २१२ जना सुत्केरी आमाहरुलाई 212 वटा बितरण गरी पालिका र अन्तर्गतका बर्थिङ्ग सेन्टरमा ३३८ वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । वर्थिङ्गसेन्टरगत सुत्केरी गराएको र न्यानो झोला बितरण गरी बाँकी रहेको विवरण देहायबमोजिम रहेका छन्

| क्र. सं . | बर्थिङ्गसेन्टरको नाम/ वडा नं . | सुत्केरी संख्या | न्यानो झोला बितरण | बाँकी मौज्दात |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भोक्राहा वडा नं. २ | १५७ | १५७ | १२५ |
| २ | स्वास्थ्य चौकी नरसिंह वडा नं. ७ | ५५ | ५५ | 65 |
| ३ | पालिका भण्डारण शाखा | | | १४८ |
| | जम्मा | २१२ | २१२ | ३३८ |

६०.३ **खोपको अवस्थाः** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, सुनसरीबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई तल उल्लेखित ११ प्रकारका खोपको लागि २९५८५ डोज प्राप्त भएकोमा २४९६८ डोज प्रयोग भएको, ३९५४ डोज फिर्ता गरेको र ७४ डोज खोप खेर गएको पालिकाबाट उपलब्ध विवरणबाट देखिन्छ । प्राप्त डोजमध्ये नगन्यमात्रामा खेर गएको देखिएता पनि करिब १६ प्रतिशत फिर्ता भएको देखियो । खोप फिर्ता गर्दा खेरजाने जोखिमलाई मध्यनजर गर्दै खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज | फिर्ता भएको डोज | खेर गएको |
|---|---|---|---|---|
| B.C.G | ३०६० | २५०७ | ४८० | १२ |
| ROTA | २६६३ | २१०३ | ४५४ | १० |
| O.P.V | ४०५० | ३४८८ | ४८० | १३ |
| F.I.P.V | २५५६ | २२३२ | २९० | ९ |
| pcv | ३८२८ | ३२७७ | ४९७ | ४ |
| DPT, Hep-B, Hib | ४३३० | ३६६८ | ५८० | १३ |
| M.R | २८३० | २३९३ | ३८० | ६ |
| J.E | १४७८ | १०९६ | ३५० | १ |
| TCV | १०७० | ८३३ | १८६ | ४ |
| TD | २५२० | २१७१ | २५७ | २ |
| कोभिडको फाइजर खोप | १२०० | १२०० | ० | ० |
| जम्मा | २९५८५ | २४९६८ | ३९५४ | ७४ |

६०.४ **निःशुल्क उपचार सहायताः** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ३२ जनाको लागि रु.९,६०,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु पर्दछ ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | डायलाइसिस रोगी | ४ | खुलाइ पेश नभएको |
| २ | क्यान्सर रोगी | २८ | खुलाइ पेश नभएको |
| | जम्मा | ३२ | ९६०००० |

६०.५ (१९-२०८०-६-१५):

**बढी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फका १६ जना कर्मचारीहरुलाई श्रावणदेखि असोजसम्मको तलब भत्तामा रु.२६,५९,८४५।९० भुक्तानी गरेको छ । उक्त भुक्तानीको परीक्षण गर्दा कर्मचारी संचय कोषमा रु.४,५८,३५३।८ मात्र गएको आधारमा तलबमा रु.२५,२०,९४५।९० खर्च हुनुपर्दछ । पालिकाले हजार्ड भत्तामा रु.५,४००।-, फिल्ड भत्तामा रु.८,४००।-,बिमामा रु.१९,२००।-र मंहगी भत्तामा रू.९६,०००।– सहित जम्मा तलब भत्तामा रु.२६,४९,९४५।९० खर्च लेख्नु पर्नेमा रु.९,९००।– बढी खर्च लेखेको छ । यसो हुनुमा १६ जना कर्मचारीलाई मंहगी भत्ताबापत मासिक रु.३२,०००।– र बिमाबापत मासिक रु.६,४००।– का दरले खर्च लेख्नु पर्नेमा क्रमशः मासिक रु.३४,०००।– र रु.६,८००।-का दरले लेखेको पाइयो । यसरी खर्च लेख्दा रु.९,९००।– बढी खर्च लेखेको देखिएकोले बढी खर्च लेखिनुको कारण सहित खर्च पुष्टी हुने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९०० |

६१ **दुग्ध डेरी उद्योगलाई अनुदानः** (९२९-२०८१-३-५):

पालिकाले मापदण्ड तयार गरी मिति २०८०।१०।५ मा प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन गरेको भन्ने कागजात संलग्न गरी सोहो कागजातको आधारमा ड्रागन फ्रुट तथा फलफूल उत्पादन प्रोत्साहन शीर्षकबाट जालपा दुग्ध डेरी उद्योग (६१२३०७५५७) लाई रु.४,००,०००।– उपलब्ध गराएको देखियो । पालिकाले बनाएको मापदण्ड बमोजिम दुग्ध उत्पादक समूह र चिस्यान केन्द्र आधिकारिक निकायमा दर्ता वा नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर, आ.व.२०७९।८० को लेखापरीक्षण गराएको प्रतिवेदन, कार्यक्रमको प्रस्तावना र विगत ३ वर्षदेखि कुनै सेवा नलिएको स्वः घोषणा गरेको पत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने शर्त उल्लेख भएकोमध्ये प्यान नम्बर र व्यवसायिक दर्ता गरेको प्रमाण बाहेक शर्तमा उल्लेखित सबै प्रकारका प्रमाण कागजात संलग्न गरेको देखिएन डेरी उद्योगले व्यवसाय दर्ता गरेको प्रमाण पत्रलाई परीक्षण गर्दा दर्ता मिति २०७६।५।२३, प्रमाण पत्र जारी मिति २०६७।१२।११ र व्यवसाय सञ्चालन मिति २०७६।४।१ देखि भएको देखिन्छ । पालिकाले उल्लेख गरेको मापदण्ड बमोजिमको शर्त पूरा नभएको अवस्थामा पनि मिति २०८१।२।३१ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।११।१६ मा पालिका र दुग्ध डेरी उद्योगबीच सम्झौता भई डेरी उद्योगले पेश गरेको बिलको आधारमा सम्झौता अनुसारले अनुदान रु.४,००,०००।– उपलब्ध गराएको पाइयो । तर प्रस्तावना र लागत अनुमान समेत तयार नगरी सो प्रमाण बगेर अनुदान प्राप्त उद्योगीले पेश गरेको ७ वटा बिलबापत रु.५,१६,९५२।-मा खरिद गरिएको सामग्री सम्झौताबमोजिमको भए नभएको सम्बन्धमा स्पष्ट हुन सकिएन । तसर्थ व्यवसाय दर्ता गर्नुभन्दा ९ वर्ष पहिले नै प्रमाण पत्र जारी भएको मिति उल्लेख हुन, लेखापरीक्षण प्रतिवेदन नहुनु, अनुदानको लागि प्रस्ताव र लागत अनुमान तयार गरी पालिका र उद्योगीबीच हुने साझेदारीको अंश उल्लेख भएको प्रमाण कागजात बेगर शीर्षक बिपरित अनुदान उपलब्ध भएको देखिएकोले सो प्रमाण संलग्न गरी नियम बिपरित गरिएको खर्च नियमित हुनुपर्दछ । रु.

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

६२ **पकेट विकास कार्यक्रमको निरन्तरताः**

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना म्यानुअल, २०७७ को अनुसूची- ६ बमोजिमको ढाँचामा कृषक समूह/कृषि संस्था,समिति तथा उद्यमीहरुले पकेट स्थापनाको आवेदन गरेकाहरुलाई अनुसूची- ७ बमोजिम पकेट/ब्लक क्षेत्र मागको लागि आधारभूत तथ्यांक फारम भर्न लगाई अनुसूची-८ बमोजिमको मूल्यांकन मापदण्डको आधामा मूल्यांकन समितिबाट छनौटमा परेका कृषक समूहहरुसँग परिच्छेद ४ को ४.१.१०(क) अनुसार स्वीकृत भएका लाभग्राहीसँग स्थानीय तहले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसूची- १२ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यदेश दिनुपर्ने र प्रचलित कानून अनुसार अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका कृषक समूहलाई बिल भरपाई पेश गरेको आधारमा ५० प्रतिशत अनुदान बापतको रकम रु. १७,४९,९४०।-उपलब्ध गराएको छ । उपलब्ध अनुदानको सही उपयोग र दीर्घकालीन प्रतिफलको सम्बन्धमा

पालिकाबाट नियमित अनुगमन गरी अनुदानबाट लाभान्वित कृषकहरुको अभिलेखीकरण तथा सार्वजनिकरण हुनुपर्दछ । उपलब्ध रकमबाट अनुदान प्राप्त गर्ने कृषक समूहले नियमानुसार सम्पन्न प्रतिवेदन तयार गरी प्रमाण पेश हुनु पर्दछ । रु.

| क्र.सं. | भौ.नं./मिति | कृषक समूह | बापत | खरिद सामग्री | जम्मा मुल्य | पालिकाबाट उपलब्ध गराइएको अनुदान रकम |
|---|---|---|---|---|---|---|
| १ | १८६-०८१।२।७ | राम जानकी कृषक समूह(६१६७०९६२१) | मकैबाली प्रवर्द्धन कार्यक्रम | त्रिपाल, कोदालो, मोटर | ३९२६८६ | १७५००० |
| २ | १८७-०८१।२।७ | शान्तेश्वर कृषी सहकारी संस्था लि. (६१९६६७४१०) | मकैबाली प्रवर्द्धन कार्यक्रम | त्रिपाल, कोदालो, पावर स्पेयर, मोटर | ३८८३३६ | १७०००० |
| ३ | १८८-०८१।२।७ | दिर्घकालीन कृषि सहकारी संस्था लि. (६०३१८६०९९) | मकैबाली प्रवर्द्धन कार्यक्रम | त्रिपाल, कोदालो, पावर स्पेयर, मोटर | ३९३३७८ | १७५००० |
| ४ | २०८-०८१।२।२२ | मलिक कृषि सहकारी संस्था लि.(६१८२२९६१५) | मकैबाली प्रवर्द्धन कार्यक्रम | कोदालो, पावर स्पेयर, मोटर | ३४९९७७ | १७५००० |
| ५ | २१२-०८१।२।२५ | राम जानकी कृषि समुह(६१२९०१०६५) | आ.व. २०७९।८० मा स्थापना भएको मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरता | त्रिपाल र मोटर | १४५२०७ | ७०००० |
| ६ | २१८-०८१।३।५ | सजिलो कृषि सहकारी संस्था लि.(६०२६८९३४४) | आ.व. २०७९/८० मा स्थापना भएको मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरता | कोदालो र पावर स्पेयर, | १४३०९९ | ७०००० |
| ७ | २२९-०८१।३।९ | माँ काली कृषि सहकारी संस्था लिमिटेड (६१८०२२२७४) | मकैबाली प्रवर्द्धन कार्यक्रम | कोदालो, पावर स्पेयर, मोटर | ३४९९४० | १७४९४० |
| ८ | २१९-०८१।३।५ | अकहा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था लि. (६००८८२३७२) | आ.व. २०७९।८० मा स्थापना भएको मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरता | पावर टिलर र पावर स्पेयर | १४०४०३ | ७०००० |
| ९ | २३५-०८१।३।१८ | जे पी कृषि फर्म (६१६७४८८७१) | आ.व. २०७९।८० मा स्थापना भएको माछा पकेट विकास कार्यक्रमको निरन्तरता | माछाको भुरा, दाना, मल खरिद र पोखरी सफाई | २३१०९० | ११५००० |
| १० | २२८-०८१।३।९ | माँ काली कृषि फर्म (१२४८९२५९०) | आ.व. २०७९।८० मा स्थापना भएको मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरता | १ वटा ट्रली (कृषि सामग्री वितरण कार्यक्रम भनी लेखिएको व्यानर र मान्छे उभिएको फोटो तर कृषि सामग्री नदेखिएको | १४५००० | ७०००० |
| ११ | २२७-०८१।३।९ | फूलवारी कृषि सहकारी संस्था लि. (६१४२३८४३३) | आ.व. २०७९।८० मा स्थापना भएको मकैबाली | कोदालो र मोटर | १४०४४८ | ७०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पकेट विकास कार्यक्रमको निरन्तरता | | | |
| १२ | २३६-०८१।३।१८ | स्टार कृषि सहकारी संस्था लिमिटेड(६१६७८५२८९) | आ.व. २०७९।८० मा स्थापना भएको माछा पकेट विकास कार्यक्रमको निरन्तरता | माछाको दाना, माछाको भुरा, पोखरी सफाइ (माछाको भुरा प्रतिगोटा ४.५ का दरले खरिद गरेको खरिद गरेको रेट आधार भएन) | २३०९८६ | ११५००० |
| १३ | २४४-०८१।३।१९ | एकता कृषि सहकारी संस्था लि.(६१२७१५७५२) वडा नं.६ | आ.व. २०७९।८० मा स्थापना भएको मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरता | १८ वटा स्पेयर ट्यांकी र पाइप | १४१९९९ | ७०००० |
| १४ | २६०-०८१।३।२१ | प्रियका कृषी फर्म (६११४९२२८९) | आ.व. २०७९।८० मा स्थापना भएको माछा पकेट विकास कार्यक्रमको निरन्तरता | माछाको भुरा,दाना, भिटामिन, पोखरी सफाइ | २३३०७८ | ११५००० |
| १५ | २८९-०८१।३।२४ | देवदासकृषितथापशुपंक्षीफर्म (११३८२७१७०) | आ.व. २०७९।८० मा स्थापना भएको माछा पकेट विकास कार्यक्रमको निरन्तरता | दाना,मल,मोटर, | १३१००० | ११५००० |
| | | जम्मा | | | ३५५६६२७ | १७४९९४० |
| | | | | | प्रमाण पेश नगरेको | १७,४९,९४० |

६३ **आधारभूत प्रयोगशाला निर्माणः** (२१६-२०८१-३-२):

आधारभूत प्रयोगशाला निर्माणः पालिकाले पशु पन्छी रोग अन्वेषणको लागि वडा नं. २ र ७ मा रहेका पशुसेवा केन्द्रहरुमा आधारभूत प्रयोगशाला स्थापना गरी पशुहरुमा देखा पर्ने रोगहरु सहज रुपमा पहिचान गर्न, दूध, रगत, परिजिबिहरुको अण्डा पहिचान गर्न तथा पशुहरुको सामान्यदेखि ठूला प्रकृतिका शल्यक्रिया गर्न श्री शिवपुरी ट्रेडिङ्ग कन्सर्न प्रा.लि.(६०६८०११८०)बाट ल्याव सामग्रीहरु रु.६,०९,२२६।– मा खरिद गरेको छ । खरिद गरिएका ल्याव सामग्री तोकिएको उद्देश्य बमोजिम प्रयोग भए नभएको सम्बन्धमा कुनै पनि प्रगति प्रतिवेदन तयार गरेको देखिएन । खरिद गरिएको सामग्रीहरुको सही उपयोग भए नभएको सम्बन्धमा पालिकाबाट लेखाजोखा गरी खर्चको सुनिश्चितता हुनुपर्दछ ।

६४ **माछा पकेट विकास कार्यक्रमः** (२८९-२०८१-३-२४):

पालिकाले यस वर्ष आ.व. २०७९/८० मा स्थापना भएको देवदास कृषि तथा पशुपंक्षी फर्म (११३८२७१७०) लाई यस वर्ष ५० प्रतिशत अनुदान स्वरुप रु.१,१५,०००।– अनुदान उपलब्ध गराएको छ । पालिका र फर्मबीच मिति २०८०।११।१३ मा भएको सम्झौता बमोजिमको लागत अनुमान अनुसार कार्य सम्पन्न गरेको नदेखिए पनि पालिकाबाट भुक्तानी दिएको देखियो । लागत अनुमानबमोजिम कार्य नगरी भुक्तानी लिएको अनुदान रकम रू.३५,५५०।– सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

| क्र.सं | लागत अनुमान | | | बिल पेश भएको | बिल बेगर ५० प्रतिशत अनुदान उपलब्ध भएको रकम |
|---|---|---|---|---|---|
| | क्रियाकलाप | परिमाण | जम्मा मुल्य | | |
| १ | माछा भुरा खरिद | ५९ कि.ग्रा. | २१२५० | ० | १०६२५ |
| २ | माछा दाना | ४० बोरा | ८८००० | ८३६०० | २२०० |
| ३ | पोटास | ० | ० | १४३०० | ०० |
| ४ | गोठे मल | ६ ट्याक्ट्रर | ३०००० | ३०००० | ०० |
| ५ | पोखरी सरसफाइ | | २८८५० | २८८५० | ०० |
| ६ | ममिलोको लागि चुना | ५०० कि.ग्रा. | ७५०० | ७०५० | २२५ |
| ७ | पोखरी घेरावारा | २० वण्डल | २०००० | ० | १०००० |
| ८ | भिटामिन मिनरल तथा औषधि | | १०००० | ० | ५००० |
| ९ | मोटर पाइप | १ सेट | ४०००० | २५००० | ७५०० |
| १० | जाली | ० | ० | २०००० | ०० |
| ११ | स्प्रे ट्यांकी | ० | ० | १२००० | ०० |
| १२ | सेक्सन पाइप | ० | ० | १०२०० | ०० |
| | **जम्मा** | | **२४५६००** | **२३१०००** | **३५५५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,५५० |

६५ **कृषि पशु अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कति जना कृषक/समूहलाई दिएको अभिलेख पेश नभएकोले सोको अभिलेख व्यवस्थित गरी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ ।

६६ **एम.आई.एसको लगत अध्यावधिकः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा तेस्रो र चौथो त्रैमासिकमा २२ जना लाभग्राहीको नागरिकता नं. एक अर्काबीच मिलान भएको, केही लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

६७ **सार्वजनिक सुनुवाईः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक

सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बनन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

६८ **सामाजिक सुरक्षा भत्तातर्फः**

६८.१ **(क) सामाजिक सुरक्षाको निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र लक्ष्मी सनराइज बैंक बिच द्विपक्षीय मिति २०७८।०६।१५ मा सम्झौता भई पालिकाभित्र रहेका ८ वटै वडाहरुको सामजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले प्रथम त्रैमासिक बैंकिङ्ग प्रणालीबाट र दोस्रो, तेस्रो र चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट बितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रु. ११,८७,०२,९६८।- बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरीबाट बैंकलाई रु.११,६३,४८,४९२।- निकासा दिएको छ ।

६८.२ **(ख) खर्च भिडान नभएकोः** पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्तामा आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार रु.११,६३,३०,२७६।- खर्च भएको जनाएकोमा पालिकाको बैक नगदी किताब अनुसार रु.११,६३,४८,४९२।– खर्च भएको देखिन्छ । आन्तरिक लेखापरीक्षणमा उल्लेख भएको खर्च भन्दा रु.१८,२१६।- बढी खर्च भएको सम्बन्धमा पालिकाबाट खर्चको यकिन गरी हिसाब मिलान हुनुपर्दछ ।

६८.३ **(ग) बितरण रकमः** पालिकाले यस वर्ष देहायबोजिम सामाजिक सुरक्षा भत्ता बितरण गरेको पाइयो, जुन विवरण देहायबोजिम रहेको छः

| क्र.स. | चौमासिक | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा निकासा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | जेष्ठ नागरिक | १५३४ | १८२०६७०९ | १५६० | १८४८६५०७ | १५९१ | १८७७७०९५ | १६६७ | १९६६६९०५ | ७५१३७२१६ |
| २ | जेष्ठ नागरिक दलित | १८२ | १४३८५२८ | १८६ | १४६५६६० | १९३ | १५०४३६८ | १८५ | १४४४७२३ | ५८५३२७९ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २८१ | २२३४४०० | २८३ | २२४९११९ | २८३ | २२४२८२४ | २६० | २०६२२४८ | ८७८८५९१ |
| ४ | विधवा | ५३० | ४१८६८४० | ५४७ | ४३०१२२० | ५६० | ४४३१५६० | ५६८ | ४५००७२० | १७४२०३४० |
| ५ | पूर्ण अपाङ्ग | ३५ | ४१८९५० | ३६ | ४१६०२४ | ३५ | ४१८९५० | ३४ | ४०६९८० | १६६०९०४ |
| ६ | अतिअसक्त अपाङ्ग | २०८ | १३१९३६० | २११ | १३४७०२४ | २१५ | १३७०४३२ | २१५ | १३५५८०२ | ५३९२६१८ |
| ७ | वालपोषण दलित | ३२४ | ४९६९४८ | ३५२ | ५१३०६२ | ३२५ | ४९९७१४ | ३४१ | ५१७०२४ | २०२६७४८ |
| ८ | लोपन्मुख | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ३०९४ | २८३०१७३५ | ३१७५ | २८७७८६१६ | ३२०२ | २९२४४९४३ | ३२७० | २९९५४४०२ | ११६२७९६९६ |

**(विस्तृत विवरण बेरूजु दफा ६८.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८.४ **(घ) तुलनात्मक विवरण**: पालिकाको गत विगत वर्षहरुमा सामाजिक सुरक्षा भत्ता बापत आर्थिक वर्ष २०७८।७९ मा लाभग्राहीलाई रु.९,४१,१३,१४१।- बितरण गरेकोमा आ.व. २०७९।८० मा रु.१०,८५,४५,३८२।- र यस आ.व. मा रु.११,६२,७९,६९६।– बितरण गरेको देखिन्छ । आर्थिक वर्ष २०७८।७९ को तुलनामा आर्थिक वर्ष २०७९।८० मा २४६ लाभग्राही थप भई रु.१,४४,३२,२४१।- बढी खर्च भएको र आर्थिक वर्ष २०७९।८० को तुलनामा आर्थिक वर्ष २०८०।८१ मा २५५ लाभग्राही थप भई रु.७७,३४,३१४।- बढी खर्च भएको देखियो । पालिकाबाट तीन आर्थिक वर्षमा लाभान्वित भएका सामाजिक सरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण देहायबमोजिम रहेको पाइयो ।

| क्र. सं | लाभग्राही वर्ग | भत्ता दर | २०७८।७९ मा रहेको लाभग्राही संख्या | २०७९।८० मा रहेको लाभग्राही संख्या | २०८०।८१ मा रहेको लाभग्राही संख्या |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता( ६८ वर्ष उमेर पुगेको ) | ४००० | १२५१ | १५०२ | १६६७ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २६६० | १५६ | १७६ | १८५ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६६० | २८६ | २७६ | २६० |
| ४ | विधवा | २६६० | ४८६ | ५१४ | ५६८ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ३९९० | ३७ | ३५ | ३४ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २१२८ | १७१ | २०३ | २१५ |
| ७ | बालबालिका | ५३२ | ३८२ | ३०९ | ३४१ |
| | जम्मा | | २७६९ | ३०१५ | ३२७० |

## ६९ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन्

६९.१ **तालिमः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा १७ अनुसार पालिकाले यस आ.व.मा ५५ जना नयाँ उद्यमी सृजना गर्न र ३३ जना उद्यमीलाई स्तरोन्नति सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्नको लागि (नयाँ उद्यमशिलता विकास तालिममा रु.१,२०,०००।-,प्राविधिक सीप विकास तालिममा रु.२,५८,०००।-, एड्भान्स सीप विकास तालिमको लागि रु.०.०) रु.३,७८,०००।- बजेट व्यवस्थापन गरी ५१ जना नयाँ उद्यमीलाई ८ दिने उद्यमशीलता विकास तालिम, ३२ जना नयाँ उद्यमीलाई १५ दिने गुडिया बनाउने सम्बन्धी तालिम, स्तरोन्नतितर्फ ३६ जनालाई ४५ दिने सिलाई कटाई सम्बन्धी तालिम र २० जनालाई ३ दिने बाख्रापालन सम्बन्धी तालिम दिई तालिममा रु.८,७२,५३०।– खर्च गरेको देखियो । पालिकाले बिनियोजित बजेटको परिधिभित्र नरही बढी खर्च गरेको रु.४,९४,५३०।– नियमसम्मत देखिएन । आगामी दिनमा पालिकाले गर्ने यस्ता प्रवृत्तिका खर्च प्रणालीमा सुधार तथा नियन्त्रण गर्नुपर्दछ । सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेका ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधिबमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारिताको लेखाजोखा पालिकाबाट हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | तालिमको नाम | वडा नं. | तालिम संचालन दिन | लक्ष्य संख्या | तालिममा सहभागी भएको संख्या | खर्च रकम |
|---|---|---|---|---|---|---|
| | नयाँ उद्यमी सिर्जननतर्फ | | | | | |
| 1. | उद्यमशिलता विकास तालिम | २ र ५ | ८-८ दिन | ५५ | ५१ | १२०४००/- |
| 2. | प्राविधिक सिप विकास गुडिया बनाउने तालिम | २ र ५ | १५-१५ दिन | ५५ | ३२ | २६४७९५/- |
| | जम्मा | | | ११० | ८३ | ३८५१९५/- |
| | स्तरोन्नति तर्फ | | | | | |
| 3. | सिलाई कटाई तालिम | ४ र ८ | ४५दिन | ४६ जना | ३६ जना | ४८७३३५/- |
| 4. | बाख्रापालन सम्बन्धि तालिम | ४ र५ | ३-३दिन | २० जना | २० जना | |
| | जम्मा | | | | | ८७२५३०/- |

६९.२ प्रविधि हस्तान्तरणः गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निर्देशिका बमोजिम पालिकाले यस वर्ष प्रविधिहस्तान्तरण कार्यक्रममा रु.१,४०,०००।– खर्च गरेको देखियो। खर्च रकमबाट प्रविधि खरिद गरी नियमानसुर उद्यमीहरुलाई हस्तान्तरण गर्नुपर्नेमा रु.५२,६६५।-को मात्र प्रविधिको रुपमा ३ सेट सिलाई मेसिन न्यू आर.के. ट्रेडर्सबाट प्रतिसेट रु.१७,५५५।-का दरले खरिद गरी देहायका लघु उद्यमी समूहलाई वितरण गरेको र बाँकी रकमबाट तालिम सञ्चालनमा खर्च गरेको देखियो । प्रविधि हस्तान्तरण गर्दा अनुसूची १३ बमोजिमको ढाँचामा सम्झौता गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिम गरेको देखिएन । प्रविधि हस्तान्तरण गरिएका सामान ५ वर्षसम्म सम्बन्धित उद्यमकर्ताले प्रभावकारी ढंगबाट उपयोगमा ल्याउनु पर्ने व्यवस्थाका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ । साथै निर्देशिकामा भएको व्यवस्था बमोजिम उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम रु.१०,५३३।- जम्मा गरेको नदेखिएकोले उक्त रकम संघीय संचित कोष दाखिला भएको प्रमाण पेश हुनुपर्दछ । रु.

| क्र. सं . | पाउनेको नाम | प्रविधिको नाम | परिमाण | जम्मा मुल्य | २० प्रतिशतले हुन आउने रकम |
|---|---|---|---|---|---|
| १ | नुरपुर लघु उद्यमी मसूह | सिलाईमेसिन, आईरन , टेप,स्केल सेट | १ | १७५५५ | ३५११ |
| २ | प्रगतिशील लघु उद्यमी मसूह | | १ | १७५५५ | ३५११ |
| ३ | शुभकामना लघु उद्यमी मसूह | | १ | १७५५५ | ३५११ |
| | जम्मा | | ३ | ५२६६५ | १०५३३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५३३ |

७० **सार्वजनिक निर्माण व्यवस्थापनः-**

**सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छनः-**

७०.१ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाबाट खरिद गरिएका निम्नानुसारका सडक बत्तीहरु जडान भएको देखिने नापी किताब, कार्यसम्पन्न प्रतिबेदन लेखापरीक्षणको क्रममा पेश भएन। पालिकाबाट सडक बत्ती जडान तथा पाईप तथा फिटिङ्ग

जडान भएको स्थान खुल्ने नापी किताब र कार्य सम्पन्न प्रतिबेदन पेस हुनुपर्नेमा लेखापरीक्षण अवधिसम्म पेश भएको छैन । अतः उक्त निर्माण सामाग्रीहरु सम्बन्धित योजनामा प्रयोग भएको खुल्ने नापी किताव र कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ/मिति | सप्लाईकर्ता फर्मको नाम | योजनाको नाम | खरिदको बिवरण | | | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | खरिद गरिएको सामान | परिमाण | इकाई दर (मू.अ.कर सहित) | |
| १. | संघीय शसर्त पूँजिगत | १५। ०८०। ११।१८ ३६। ०८१।३। २१ | Medi Enterprises P.Ltd. Sunsari | सिचाई संरचना निर्माणका लागि पाईप खरिद | 4 Inch Inner Dia PVC BS (E-Class) Boaring Pipe | ३६२९.१८ मि. | ८१९।२५ | २९७३२०६ |
| | | | | | 4 Inch Inner Dia PVC Filter Screen Ribbed with cone | ३६२९.१८ मि. | ९८८।७५ | ३५८८३५२ |
| | | | | | 4 Inch Dia & 5 feet Length GI NS Pipe Medium duty | ९०६.७२ मिटर | १३७४। ०८ | १२४५९०६ |
| | | | | | Tee Bottle (4*3*1.5 inch) | ६०५ वटा | १०९९। ४९ | ६६५१९१ |
| | | | | | Solvent Cement-100ml-Bottle | ६०५ वटा | १४१।२५ | ८५४५६ |
| २. | संघीय शसर्त पूँजिगत | ३७। ०८१।३। २१ | रामलक्ष्मी मोटर हाउस, चितवन | सिचाई संरचना निर्माणका लागि मोटर खरिद | २ एच.पी.एस.पी. मोनोब्लक पम्प | ५०२ वटा | १४१२५। ०० | ७०९०७५० |
| | | | | | बेन्ड एण्ड निपल | ४०५ वटा | ६७८।०० | २७४५९० |
| | | | | | | | जम्मा | १५९२३४५१ |

**(विस्तृत विवरण बेरूजु दफा ७०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७०.२ **मालसामानमा शिरोभार खर्च:** सार्वजनिक खरिद नियमावली-२०६४ को अनुसूचि-१ मा सार्वजनिक निर्माण कार्यको लागत अनुमान तयार गर्दा मात्र १५ प्रतिशत ओभरहेड जोडन मिल्ने देखिन्छ । नियमावलीमा मालसामान खरिदका लागि लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड जोडन मिल्ने व्यवस्था गरेको छैन । पालिकाबाट खरिद गरेका निम्नानुसारका निर्माण सामाग्रीको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड जोडेको पाइयो । जसबाट लागत अनुमानको दर बढेको कारण पालिकालाई रु.१७,८६,८९९।- बढी ब्ययभार पर्न गएको हुँदा खरिद प्रकृया नियमसम्मत देखिएन । आगामी दिनमा लागत अनुमान तयार गर्दा मालसामान खरिदमा शीरोभार खर्च समावेश गर्ने प्रकृयामा सुधार तथा नियन्त्रण हुनुपर्दछ । रु.

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ. नं./ मिति | भुक्तानी पाउने फर्मको नाम | बिजक नं./ मिति | मालसामानको बिवरण | खरिद परिमाण | लागत अनुमान (ओभरहेड र मू.अ.कर सहित) रु. | तयार हुनुपर्ने लागत अनुमानको दर (मू.अ.कर सहित) रु. | ओभरहेड थप गरेको कारण बढन गएको लागत अनुमानको दर रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | संघीय शसर्त पूँजिगत | १५। ०८०। ११। १८ ३६। ०८१। ३।२१ | Medi Enterprises P.Ltd. Sunsari | ०७। ०८०। ११। ०४ १८। ०८१। ०३। ०९ १२। ०८१। ०२। २१ | सिचाई संरचना निर्माणका लागि पाईप खरिद | | | | |
| | | | | | 4 Inch Inner Dia PVC BS (E-Class) Boaring Pipe | ३६२९.१८ मि. | १५००।९२ | १३०५।१५ | ७१०४८५ |
| | | | | | 4 Inch Inner Dia PVC Filter Screen Ribbed with cone | ३६२९.१८ मि. | १२०७।२४ | १०४९।७७ | ५७१४८७ |
| | | | | | 4 Inch Dia & 5 feet Length GI NS Pipe Medium duty | ९०६.७२ मिटर | ३२१४।९६ | २७९५।६२ | ३८०२२४ |
| | | | | | Tee Bottle (4*3*1.5 inch) | ६०५ वटा | १४१५।१६ | १२३०।५७ | १११६७७ |
| | | | | | Solvent Cement-100ml-Bottle | ६०५ वटा | १६५।०४ | १४३।५१ | १३०२६ |
| | | | | | | | | **जम्मा** | **१७८६८९९** |

**(विस्तृत विवरण बेरूजु दफा ७०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १७,८६,८९९ |

७०.३ **निर्माण तर्फ सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्दी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्र मार्फत कार्य गराउनु पर्नेमा सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी रु.१,०५,४१,९०२।- सोझै खरिद गरेको पाइयो । पालिकाले सोझै कार्य गराएका निम्नानुसारका योजनामध्ये अधिकांश योजनाहरु बाटोमा माटो पुर्ने प्रकृतिका पाईएको हुँदा दिगो विकासमा पालिकाले ध्यान दिएको पाईएन । पालिकाले सालिन्दा माटो पुर्ने कार्यमा ठुलो रकम खर्च गर्दै जानु, सो कार्यको अस्तित्व समेत अर्को आर्थिक बर्षमा नरहनु र सोही स्थलमा दोहोर्‍याएर कार्य गराए नगराएको एकिन गर्न सक्ने अवस्था देखिएन । पालिकाले बजेटको ठुलो अंश सोझै खरिद गर्ने उद्देश्यबाट बाँडफाँड गरि कार्य गराएको सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । पालिकाले यसरी खर्च गर्नुको कारण र औचित्य पुष्टी गरी खर्च नियमित गर्नु पर्दछ । रु...

| क्र.सं. | ब.उ.शि.नं. | गो. भौ. नं./ मिति | भुक्तानी पाउने फर्मको नाम | कामको बिवरण | बिजक नं./ मिति | मू.अ.कर सहित भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १. | विविध खर्च खाता ग २.७ | ४/२०८०।४।१९ | हरेराम निर्माण सेवा | वडा नं ३ चम्पालाल यादवको घरदेखि दक्षिण लक्ष्मण यादवको घर सम्म सडक मर्मत | ०१/२०८०।३।२५ | ९६४६७२ |
| २. | गाउँपालिका पूँजिगत | २२४। ०८१।३। २४ | मल्टी नेशनल कन्ष्ट्रक्सन, बुढीगंगा-६, मोरङ्ग | वडा नं.-६, उल्टी खोला खालिङ्ग प्रधान घर छेउ कब्रिस्तान बाटोमा माटो पुरी निर्माण | ०१।०८१। ३।२४ | ९५७१०५ |
| ३. | गाउँपालिका पूँजिगत | ३७। ०८०।६। २४ | एलिसा निर्माण सेवा, कोशी सुनसरी | वडा नं.-३, बिभिन्न बाटो मर्मत तथा निर्माण कार्य | १।०८०।७। २३ | ९६३४३७ |
| ४. | गाउँपालिका पूँजिगत | १९६। ०८१।३। २० | बिष्णु निर्माण सेवा, भोक्राहा-३, सुनसरी | वडा नं. ७ को पिपलचोकदेखि पूर्ब भागवत यादबको घरसम्मको बाटोमा माटोपुरी ग्राभेल कार्य | ७।०८१।३। १२ | ९५७९५८ |
| ५. | गाउँपालिका पूँजिगत | ७३। ०८०।९। ८ | सरिता निर्माण सेवा, ईनरुवा-१०, सुनसरी | पालिका परिसर भित्र तथा कम्पाण्ड वाल बाहिर माटो भर्ने कार्य | ०१।०८०। ९।८ | ९६२८७६ |
| ६. | गाउँपालिका पूँजिगत | ३२। ०८०।६। ९ | समिक्षा निर्माण सेवा, ईनरुवा | पालिका परिसर भित्र माटो पुर्ने कार्य | ०१।०८०। ६।९ | ९६२५६६ |
| ७. | गाउँपालिका पूँजिगत | ७४। ०८०।९। ८ | मातृ निर्माण सेवा, वबिया-७, सुनसरी | बोक्राहा नरसिह वडा नं.-०६ को चिरौली चोकको महेन्द्र राजमार्ग छेउमा बिभिन्न ठाउँमा बजार ब्यबस्थापनका लागि माटो पुर्ने कार्य | १।०८०।९। ८ | ९५८४४१ |
| ८. | गाउँपालिका पूँजिगत | ५९। ०८०।८। १८ | सफाज निर्माण सेवा, ईनरुवा-१०, सुनसरी | बोक्राहा नरसिह वडा नं.-०६ को चिरौली चोकको पूर्ब दक्षिण पश्चिम पट्टी महेन्द्र राजमार्ग छेउमा बिभिन्न ठाउँमा बजार ब्यबस्थापनका लागि माटो पुर्ने कार्य | १।०८०।८। १७ | ९६५३५३ |
| ९. | गाउँपालिका पूँजिगत | ३५। ०८०।६। १५ | कावा निर्मण सेवा, जल्मापुर-७, सुनसरी | पारसलाल उरावको घरदेखि लक्ष्मण मेहताको घरसम्म जाने बाटोमा ग्राभरेल र माटो भर्ने कार्य | ०३।०८०। २।१८ | ९६७२०२ |
| १० | गाउँपालिका पूँजिगत | १२। ०८०।४। १९ | श्री महेश्वरी निर्माण सेवा, कोशी-३, सुनसरी | वडा नं. ३ को महानन्द मेहत्ताको घरदेखि वौवालाल मेहत्ताको घरसम्म र शिव नारायण मेहत्ताको घरदेखि खुनिया खोला पुलसम्म ग्राभेल गर्ने कार्य | १५।०८०। ३।२४ | ९१६४५३ |
| ११. | गाउँपालिका पूँजिगत | ६२। ०८०।८। १८ | जमुना निर्माण सेवा, मधेली-४, सुनसरी | वार्ड नं. १ को टोकी टोलको मस्जिदमा पर्खाल निर्माण तथा बिभिन्न बाटो मर्मत कार्य | ०१।०८०। ८।१७ | ९६५८३९ |
| | | | | | **जम्मा** | **१०५४१९०२** |

**(विस्तृत विवरण बेरूजु दफा ७०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १,०५,४१,९०२ |

७०.४

ठेक्का व्यवस्थापन:- पालिकाबाट यस बर्ष ठेक्का पट्टा व्यवस्थापन भएको निम्नानुसारका ठेक्कासँग सम्बन्धित दर बिश्लेषण, नापी किताब, ठेक्का आव्हान गरेको सूचना, प्राबिधिक प्रस्ताव, सोको मुल्याङ्कन (Completeness Test, Test of Eligibility, Test of Qualification), सँग सम्बन्धित कागजातहरु, निर्माण ब्यबसायीले पेश गरेको आर्थिक प्रस्ताव लगायतका कागजातहरु लेखापरीक्षणको क्रममा पेश भएन । ठेक्का फाईलका साथ उक्त कागजातहरु पेश नभएको हुँदा ठेक्का छनौट प्रकृया नियमित भए नभएको एकिन गर्न सकिएन । पालिकाले ठेक्कापट्टा व्यवस्थापन सम्बन्धमा आवश्यक पर्ने दर विश्लेषण, नापी किताब, ठेक्का आव्हान गरेको सूचना, प्राविधिक प्रस्ताव र सोको मुल्याङ्कन लगायत आवश्यक पर्ने कागजातहरु फाइलमा संलग्न गरी ठेक्का छनौट प्रकृयाको अभिलेखलाई व्यवस्थित बनाउनु पर्दछ ।

| **क्र.सं.** | **ठेक्का नं.** | **योजनाको नाम** | **निर्माण ब्यबसायी फर्म** | **लागत अनुमान (मू.अ.कर सहित) रु.** | **सम्झौता रकम (मू.अ.कर सहित) रु.** |
|---|---|---|---|---|---|
| १. | BNRM/WORKS/ROAD/04/2080/81 | सडक कालोपत्र गर्ने कार्य | एच.एम./समिक्षा जे.भी., भोक्राहा-४, सुनसरी | ४३९६९९२५।४१ | ४३८३५९८६।९४ |
| २. | BNRM/WORKS/ROAD/05/2080/81 | सडक कालोपत्र गर्ने कार्य | एच.एम./समिक्षा जे.भी., भोक्राहा-४, सुनसरी | ४८५५१८७७।२९ | ४८३७९३६५।२३ |
| ३. | BNRM/WORKS/ROAD/03/2080/81 | सडक कालोपत्र गर्ने कार्य | खाम्पाचे/मोरङ्ग जे.भी., ललितपुर | ८०३०५६५२।९५ | ७१३३१२९७।२५ |

**(विस्तृत विवरण बेरूजु दफा ७०.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७०.५ **कर बिवरणः** मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको बिवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिवरण सहित दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको एकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ । निम्न फर्म आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा NON-FILLER रहेको पाइयो।यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म VAT Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको एकिन हुन सकेन।यसरी भुक्तानी भएको कर चुक्ता र मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ । रु.

| **सि.नं.** | **ब.उ.शि.नं.** | **गो.भौ./ मिति** | **फर्मको नाम** | **बापत** | **बिजक नं./ मिति** | **भ्याट बाहेक भुक्तानी** | **मू.अ.कर रु.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पूँजिगत | १५०। ०८१।२। ९ | एच.एम./समिक्षा जे.भी., भोक्राहा-४, सुनसरी (६२०९५३९९९) | सडक कालोपत्र गर्ने कार्य | ०२। ०८१। २।८ | ५३१३७८५ | ४८३५५४ | मिति-२०८० चैत्रदेखि मू.अ.कर NON-FILLER रहेको |
| २. | गाउँपालिका पूँजिगत | १५०। ०८१।२। ९ | एच.एम./समिक्षा जे.भी., भोक्राहा-४, सुनसरी (६२०९५३९९९) | सडक कालोपत्र गर्ने कार्य | ०१। ०८१। २।८ | ३९५६९०१ | ३६०५३३ | ,, ,, |
| ३. | गाउँपालिका पूँजिगत | ११०। ०८१। ११।१४ | श्री हिराचन/ ए. एम./एच. एम. जे. भी.,ईनरुवा-३, सुनसरी (६१५९९५१११) | वडा कार्यालय-२,३,६,७ र ८ निर्माण | ०४। ०८०। ११।१ | ११०५७९। ७३ | १०००६३ | मिति-२०८० दोश्रो त्रैमासदेखि मू.अ.कर NON-FILLER रहेको |
| | | | | | **जम्मा** | **९३८१२६६** | **९४४१५०** | |

| (विस्तृत विवरण बेरूजु दफा ७०.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) | प्रमाण पेश नगरेको | ९,४४,१५० |
|---|---|---|

७०.६ **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले सबै सार्बजनिक निर्माण कार्यको कार्य कार्य स्वीकार र सम्पन्न प्रतिबेदन एकै पटक तयार गर्ने गरेको पाईयो । त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिबेदन जारी गर्नु पर्नेमा कुनै पनि योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

**गुणस्तर परीक्षणः** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वियन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

**त्रुटी सच्याउने दायित्व अवधिको अभिलेखः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

**एज विल्ट ड्रइङ्गः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित पालिका प्रशासकिय भवन लगायतका ठुला योजनाको समेत एज विल्ट ड्रइङ्ग पेश भएको पाईएन । यस्तो प्रतिबेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । एज विल्ट ड्रइङ्ग निर्माण ब्यबसायीबाट पेश गर्न लगाईने पालिकाबाट जवाफ प्राप्त भएको छ ।

**च्यानेज (CHAINAGE) नखुलेको**: कार्यालय अन्तर्गतका निम्न सडकहरुको विभिन्न स्थानमा फरक निर्माण ब्यबसायीहरुबाट कार्य गराएको पाइयो । उक्त सडकको विभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउ पत्र र सोझै खरिद बिभिबाट सडक निर्माण तथा मर्मत सम्बन्धि कार्य गराएको पाइयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा गरेको पाईएन । यसरी चेनेज तथा कार्य स्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण ब्यबसायीको दायित्व भित्रको कार्य अर्को निर्माण ब्यबसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । उल्लेखित योजनाहरुको कार्यस्थलको DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको एकिन गर्न सकिएन । पालिकाबाट सञ्चालित प्राय सबै साना योजनामा चेनेज नखुलेको हुँदा यसमा पले पालिकाले ध्यान दिएको पाईएन ।

७०.७ **पेश्की बैंक ग्यारेण्टी:** सार्वजनिक खरिद नियमावली, २०६४ तथा कार्यालय र निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं. ५७.१ मा निर्माण व्यवसायीबाट बैंक तथा बित्तिय संस्थाको शर्त रहितको बैंक जमानत पेश भएपछि ठेक रकमको तोकिएको प्रतिशतले हुने मोविलाइजेशन पेश्की उपलब्ध गराउने व्यवस्था छ । पालिकाले पेश्की बैक जमानतको आधारमा रु. १२५९२०००।- निर्माण ब्यबसायी लाई मोबिलाईजेशन पेश्की दिएकोमा हालसम्म फछ्र्यौट गर्न बाँकी रहेको छ । एन.एम.बी. बैक लिमिटेड, बबरमहलबाट जारी भएको पेश्की जमानत पत्र तोकिएको ढाँचा बिपरीत शर्त सहितको रहेकोमा उक्त जमानतको म्याद मिति-२०२५।०१।१४ सम्म रहेको पाइयो । हालसम्म बाँकी पेश्की रु.१,२५,९२,०००।- जोखिममा पर्न सक्ने हुँदा शर्त रहित ग्यारेण्टीमा परिवर्तन गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७०.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७०.८ **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक-खरिद-नियमावली-२०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्न फर्महरुबाट परामर्श सेवा खरिद गर्ने गरी सम्झौता भएकोमा तोकिएको अवधिमा कार्य सम्पन्न भएको पाईएन ।उक्त ठेक्काका निर्माण ब्यबसायीले समयमा काम सम्पन्न गर्न नसक्ने अवस्था सृजना भएमा कारण सहित म्याद थपका लागि निबेदन नदिएको साथै पालिकाले पनि म्याद थपको जानकारी गराएको पाईएन । यसरी तोकिएको अवधिभित्र कार्य सम्पन्न नगर्ने फर्महरुबाट नियमावलीमा भएको व्यवस्था अनुसार पूर्ब निर्धारित क्षतिपूर्ति असुल गरेको नपाईएको हुँदा गणना गरी रु. ५५,८३,५९७।- असुल हुनुपर्दछ ।रु..

| सि.नं. | गो.भौ./ मिति | निर्माण ब्यबसायीको नाम | कामको बिवरण | भेरिएशन आदेशबाट कायम सम्झौता रकम (मू.अ.कर बाहेक) | कार्य सम्पन्न हुनुपर्ने मिति | कार्य सम्पन्न भएको मिति | पूर्ब निर्धारित क्षतिपूर्ति लाग्ने दिन संख्या | पूर्ब निर्धारित क्षतिपूर्ति रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | १६४। ०८१। २।२२ | साहिल कन्ष्ट्रक्सन, कोशी-३, सुनसरी | श्री आधारभुत बिद्यालय भवन निर्माण कार्य | ५०३११७६ | २०८०। ३।१० | २०८०। १२।२२ | ९ महिना ११ दिन | ५०३११८ |
| २. | १४४। ०८१। १।२ | ए.बि.ईन्जिनियरिङ्ग एण्ड कन्ष्ट्रक्सन, दुहबी, सुनसरी | आर.सि.सी. कल्भर्ट निर्माण | ५४५५९४० | २०८०। १२।१९ | २०८०। ०९।२९ | ७७ | २१००५४ |
| ३. | ४१। ०८०। ६।२९ | आशिर्बाद निर्माण सेवा प्रा.लि. त्रियुगा, उदयपुर (२०७९।५।१ मा ६ महिनाका लागि निर्माण ब्यबसायीले अनुरोध गरेको) | प्रशासकिय भवन निर्माण | ४८७०४२५१ | २०८०। ३।२६ | २०७९। ०६।०१ | ९ महिना २५ दिन | ४८७०४२५ |
| | | | | | | | **जम्मा** | **५५८३५९७** |

**(विस्तृत विवरण बेरूजु दफा ७०.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ५५,८३,५९७ |
|---|---|

७०.९ **पेश्की जमानत**: पालिकाले निम्नानुसारका योजनाका निर्माण ब्यबसायी फर्महरुलाई रु. ३३,६०,०००।- मोबिलाईजेशन पेश्की उपलब्ध गराएकोमा पेश्की जमानतको म्याद मिति- २०८१।३।२८ मा समाप्त भएको पाइयो । पेश्की जमानतको म्यद समाप्त भएको कारण पेश्की जोखिममा पर्न सक्ने देखिएको हुँदा जमानतको म्याद थप गर्नका लागि पालिकाले पहल गर्नुपर्नेमा गरेको पाईएन । पालिकाबाट पेश्की जमानतको म्याद थप गरेको प्रमाण पेश लेखापरीक्षण अवधिसम्म पेश भएन । पालिकाबाट पेश्की जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्दछ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण ब्यबसायीको नाम | ग्यारेन्टी नं. | ग्यारेन्टीको कायम म्याद | ग्यारेन्टी रकम |
|---|---|---|---|---|---|---|
| १. | BNRM/WORKS/ROAD/01/080/81 | मोडेल चोक लोकमार्गदेखि दक्षिण सुखसिना शाखा नहरहुँदै पूर्व रहमातुल्लाको घरसम्मको बाटो कालोपत्र गर्नेकार्य | सियाराम कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | NEPAL BANK LIMITED, KATHMANDU BANK GUARANTEE NO. APG013860001 | २०८१।३।२८ | १७८०००० |
| २. | BNRM/WORKS/ROAD/02/080/81 | रहमान टोल काल्युम अन्सारीको घरदेखि उत्तर सडक कालोपत्र गर्ने कार्य | सियाराम कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | NEPAL BANK LIMITED, KATHMANDU BANK GUARANTEE NO. APG013860002 | २०८१।३।२८ | १५८०००० |
| | | | | | जम्मा | **३३६००००** |

**(विस्तृत विवरण बेरूजु दफा ७०.९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | ३३,६०,००० |
|---|---|

७०.१० **ईट्टाको खपत (उपभोक्ता):** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मसको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाईयो । जसबाट कार्यालयलाई रु. १६,८७२।- बढी ब्ययभार परेको पाइयो । उक्त रकममा उपभोक्ताको अंश कट्टी गर्दा हुन आउने रु. १४,९८०।- नियमित हुनुपर्दछ । रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७०.१०.१ | सरस्वती आधारभुत बिद्यालय, कम्पाउण्ड वाल तथा घेराबार निर्माण उ.स. | १०,७७९ |
| ७०.१०.२ | सहकारी चोकमा प्रतिक्षालय निर्माण गर्ने कार्य उ.स. | ४,२०१ |

**(विस्तृत विवरण बेरूजु दफा ७०.१० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | १४,९८० |
|---|---|

७१ **सोझै खरिद:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा समित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख गरिएकोछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयलाई वर्ष भरिमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु ३३,२५,२३०/- खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी

प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिएको देखिएन। पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिद कार्यलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनु पर्दछ । मालसामान खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्र मार्फत खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामाग्री खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै खरिद गरेको देखिन्छ ।

७२ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार रु. ९,२५,००१।- खर्च गरेको छ । उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको रु.

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ./मिति | उपभोक्ता समितिको नाम | कामको बिवरण | खुद भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका पूँजिगत | १२८।०८०।१२।१९ | गाउँपालिका प्राङ्गण पार्किङ्ग निर्माण उ.स. | पार्किङ्ग निर्माण | १०५११३८ | ९२५००१ |
| | | | | | जम्मा | ९२५००१ |

| | |
|---|---|
| अनियमित भएको | ९,२५,००१ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिनै उल्लेख छ । कार्यालयले कार्यालयको विषयगत शाखा तथा कर्मचारी मार्फत गराउनुपर्ने निम्नानुसार शिक्षा, स्वास्थ्य, कृषि जस्ता तालिम कार्यक्रम परामर्शदाता मार्फत गराई भुक्तानी दिएको देखियो । विषयगत शाखामार्फत संचालन गर्नुपर्ने तालिम तथा कार्यक्रम परामर्शदाता मार्फत गराएको ताथा प्राप्त प्रतिवेदन पनि जिन्सी दाखिला गरेको नदेखिएकोले आगामी दिनमा यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ । | 0.00 |

| क्र.सं. | बेरुजुको विवरण | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | क्र.सं. | ब. उ . शी . नं . | भौ.नं./मिति | तालिमको विषय | तालिम दिने संस्था | भुक्तानी रकम | कैफियत | |
| | १ | सशर्त | २१७-०८१।३५ | एकीकृत पाठ्यक्रम(कक्षा १-३) सम्बन्धी कष्टमाइज तालिम | ह्राम्रो कन्सल्टेसी सेवा (१०१९७५५९१) | १५०००० | प्रशिक्षक पालिकाकै कर्मचारी रहेको | |
| | २ | सशर्त | १४६-०८०।१२।२० | बालबालिकाको लागि अपङ्गताको प्रारम्भिक पहिचान | इटहरी जेनियन एजुकेसन सर्भिस प्रा. लि. (६१०३२९८२३) | ४३१५०० | प्रशिक्षक पालिकाकै कर्मचारी रहेको | |
| | ३ | गाउँपालिका चालु | ६९९/२०८० ।१२।१९ | कृषकहरुलाई अर्गानिक मल उत्पादन तथा प्रयोग सम्बन्धी तालिम | माउन्ट एभरेष्ट स्कील सेन्टर प्रा लि | ३४५००० | | |
| | ४ | गाउँपालिका चालु | ६९७/२०८०। १२।२५ | रोजगार सिर्जना एवं प्रवर्द्धनका लागि तालिम | पिरामिड टेक्निकल इन्स्टिच्युट प्रा लि विराटनगर | ४९८८१५ | | |
| | ५ | गाउँपालिका चालु | ५५८/२०८०। ११।१९ | बाल अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन | अंकुस टेक्निकल रिसर्च सेन्टर प्रा लि | ४९४३७५ | | |
| | ६ | गाउँपालिका चालु | १०७१/२०८१। ३।२१ | लैंगिक हिंसा सम्बन्धी जनचेतना कार्यक्रम | न्यु कोशी रिसर्च सेन्टर प्रा लि | ३९३५३४ | | |
| | ७ | गाउँपालिका चालु | १०२६/२०८१। ३।१९ | सिलाइ कटाइ तालिम | अल्फा कम्प्युटर इन्स्टिच्युट एण्ड ट्रनिङ्ग सेन्टर प्रा लि | २९५००० | | |
| | ८ | गाउँपालिका चालु | ९२६/२०८१। ३।३ | कुशन बनाउने तालिम | रौताहा टेक्निकल कलेज इटहरी | ४९८७५० | | |
| | ९ | गाउँपालिका चालु | ९२०/२०८१। २।३२ | लैंगिक हिंसा न्युनिकरण सम्बन्धी जनचेतना कार्यक्रम | डाइनामिक टेक्निकल एजुकेशन भोकेशनल प्रा लि काठमाण्डौ | ४९३८१० | | |
| | १० | गाउँपालिका चालु | ९१६/२०८१। २।३२ | प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखिकरण तालिम कार्यक्रम | सुलभ लिगल रिसर्च प्रा लि अनामनगर | ४९२११५ | | |
| | ११ | गाउँपालिका चालु | ९०३/२०८१। २।२५ | विद्यालय स्तरीय सरसफाइ खाजा तथा पोषण सम्बन्धी तालिम | नेपाल इन्स्टिच्युट अफ टेक्निकल एण्ड भोकेशनल ट्रेनिङ्ग प्रा लि | ४९५००० | | |
| | १२ | गाउँपालिका चालु | ७६२/२०८१। १।१८ | राजश्व सुधार कार्ययोजना | पाथिभरा अनुसन्धान सेवा परामर्श सेवा प्रा लि | २९४६५८ | प्रतिवेदन म.ले.प. ४०८ दाखिला नाभएको | |
| | १३ | गाउँपालिका चालु | ७४४/२०८१। | पालिकामा आवस्यक | | ९९००० | उक्त कानुनका | |

| क्र.सं. | | | | बेरुजुको विवरण | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १।१३ | विभिन्न ५ वटा कानून लेखन | | | पुस्तक म.ले.प. ४०८ दाखिला नाभएको | |
| | १४ | गाउँपालिका चालु | ५५७/२०८०।<br>११।९ | राजश्व सम्भावना अध्ययन | मकालु मिडिया रिसर्च एण्ड डेभलोपमेन्ट प्रा लि | ४८८२०० | अध्ययन प्रतिबेदन म.ले.प. ४०८ दाखिला नाभएको | |
| | १५ | गाउँपालिका चालु | ४९०/२०८०।<br>९।२२ | पालिका भिलेज प्रोफाइल | एब्सुलुट टेक्निकल इन्स्टिच्युट एण्ड रिसर्च सेन्टर | ४९६५२२ | प्रोफाइल म.ले.प. ४०८ दाखिला नाभएको | |
| | | | जम्मा | | | ५९६६२७९ | | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी , भोक्राहा नरसिंह गाउँपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुवर्ण घिमिरे | २०७९-५-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विशेष गौतम | २०७९-७-६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,६६५,४२२ | २८,६८८,९९९ | १३,८६०,९८९ | ० | ० | ३,२३५,८०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५१,४५१,२१० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ७,११७,०७९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४४,३३४,१३१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५३५७४४०९.०७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१३२८०७०० | चालु खर्च | ३१५६४१००४ |
| प्रदेश सरकारबाट अनुदान | २७६२७००० | पूँजीगत खर्च | १५३४२३३७८ |
| राजश्व बाँडफाँट | १०२९५२४०९.१ | वित्तीय/अन्य व्यवस्था | १६६७३००९४.७७ |
| आन्तरिक आय | ८१६१६१०.९२ | | |
| अन्य आय | १४४९५२४५९.२१ | | |
| कुल आय | ५९६९७४१७९.२३ | कुल खर्च | ६३५७९४४७६.७७ |
| बाँकी मौज्दात | | १४७५४१११.५३ | |

## बेरूजु दफा ७०.७ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.नं | गो.भौ/मिति | निर्माण ब्यवसायी फर्मको नाम | ठेक्का नं. | बैक ग्यारेन्टी प्रदान गर्ने बैक | बैक ग्यारेन्टी नं. | फछ्र्यौट गर्न बाँकी पेश्की रकम रु. | बैक ग्यारेन्टीको सर्त |
|---|---|---|---|---|---|---|---|
| १. | १३८।०८१।१।१० (नगरपालिका पूँजिगत) | खाम्पाचे मोरङ्ग जे.भी., नारायणटार, काठमाण्डौ | ContractNo.- BNRM/WORKS/ROAD/03/2080/81 | एन.एम.बी. बैक लिमिटेड, बबरमहलबाट | NMBOBG808101338/022/AP/009/2021 | ३४,८२,०००।- | THIS GUARANTEE WILL BE EFFECTIVE UPON RECEIPT OF ADVANCE PAYMENT IN ACCOUNT NO.0530146409200011 |
| २. | २०।०८१।१।१० (संघीय शसर्त पूँजिगत) | खाम्पाचे मोरङ्ग जे.भी., नारायणटार, काठमाण्डौ | Contract No.- BNRM/WORKS/ROAD/03/2080/81 | एन.एम.बी. बैक लिमिटेड, बबरमहलबाट | NMBOBG808101338/022/AP/009/2021 | २८१४०००।- | THIS GUARANTEE WILL BE EFFECTIVE UPON RECEIPT OF ADVANCE PAYMENT IN ACCOUNT NO.0530146409200011 |
| ३. | १३।०८०।११।११ (संघीय शसर्त पूँजिगत) | खाम्पाचे मोरङ्ग जे.भी., नारायणटार, काठमाण्डौ | Contract No.- BNRM/WORKS/ROAD/03/2080/81 | एन.एम.बी. बैक लिमिटेड, बबरमहलबाट | NMBOBG808101070 | ६२९६०००।- | THIS GUARANTEE WILL BE EFFECTIVE UPON RECEIPT OF ADVANCE PAYMENT IN ACCOUNT NO.0530146409200011 |
| | | | | | जम्मा | १२५९२००० | |

## बेरूजु दफा ७०.१० सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | आईटमवाईज कार्यको बिवरण | खुद भएको कार्य परिमाण (घ.मी.) | लागत अनुमानको दर | तयार हुनुपर्ने ल.ई. को दर | बढी भुक्तानी भएको | उपभोक्ताको अंश | खुद बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | गाँउपालिका पूँजिगत | १४६।०८१।१। २८ | सरस्वती आधारभुत बिद्यालय, कम्पाउण्ड वाल तथा घेराबार निर्माण | सरस्वती आधारभुत बिद्यालय, कम्पाउण्ड वाल तथा घेराबार निर्माण उ.स. | FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S | १०.२३ | १४४०५।९० | १३२१९।४० | १२१३८ | १३५९ | १०७७९ | तराईको ईटाको साईज लम्बाई २५१×१२९×७७mmहुने हुँदा औषतमा ३५० थान ईट्टा प्रयोग हुनुपर्नेमा ४२० ईट्टा प्रति घन मिटरमा प्रयोग भएको ईट्टाको जिल्ला दररेट रु.२१/- +मू.अ.कर= २३।७३ प्रति ईट्टा दरको आधारमा |
| २. | गाँउपालिका पूँजिगत | १२०।०८०। ११।२३ | सहकारी चोकमा प्रतिक्षालय निर्माण गर्ने कार्य | सहकारी चोकमा प्रतिक्षालय निर्माण गर्ने कार्य उ.स. | FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S | ३.९९ | १४४०५।९० | १३२१९।४० | ४७३४ | ५३३ | ४२०१ | ,, .. |
| | | | | | | | | **जम्मा** | **१६८७२** | **१८९२** | **१४९८०** | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।